म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १४१ मंगलबार, २२ पुस २०८२ ने. सं. ११४६ पोहेलाथ्व 6 January 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**मतदानमा सहभागी बनौं ।**

- मतदान गर्नु नागरिकको अधिकार र कर्तव्य हो ।
- मतदाताको अधिकारलाई जिम्मेवारीपूर्वक निर्वाह गरौं ।
- मतदाता नामावलीमा आफ्नो नाम दर्ता भए नभएको एकिन गरौं ।
- मतदान स्थल, केन्द्र र समयको बारेमा जानकारी राखौं ।
- मतदान गर्न जाँदा मतदाता परिचयपत्र अनिवार्यरुपमा लिएर जाऔं ।
- दबाब र प्रभावमा परी मतदान नगरौं ।
- व्यक्तिगत विवेकका आधारमा मतदान गरौं ।
- अस्वस्थ, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई मतदान केन्द्रसम्म पुग्न सहयोग गरौं ।
- सामाजिक सद्भाव, शान्ति र सुरक्षित वातावरण कायम गरी मतदान गरौं ।
- राष्ट्रिय हित, विकास र सुशासनका पक्षमा योग्य प्रतिनिधि छानौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

### भीमफेदी-देउराली खण्डका ऐतिहासिक संरचना संरक्षणको पर्खाइमा

# विभागको स्वीकृति नभएकाले काम अघि बढेन: पालिका प्रमुख

साझाकुरा संवाददाता

हेटौंडा, २१ पुस/हेटौंडा हुँदै काठमाडौं जाने वैकल्पिक मार्गअन्तर्गत भीमफेदीदेखि देउराली सम्मको दूरीमा नेपालका राजनीतिक, प्रशासनिक र इतिहाससँग जोडिएका दर्जनौं ऐतिहासिक महत्वका संरचना छन् ।

राणाकालीन भौतिक संरचना, पुरानो सदरमुकाम र ऐतिहासिक नाकाकारुपमा परिचित यो क्षेत्र संरक्षणको अभावमा क्रमश: ओझेलमा पर्दै गएको छ । हेटौंडाबाट करिब ३० किलोमिटरको दूरीस्थित भीमफेदी मकवानपुरको पुरानो सदर मुकाम पनि हो । राणाकालीन समयमा काठमाडौं आवतजावतका क्रममा विशेषगरी बास बस्ने स्थानकारुपमा परिचित रहेको थियो । वि.सं २०३९ मा तत्कालीन जिल्ला सभापति ओमुटेम्पा लामाले मकवानपुरको सदरमुकाम भीमफेदीबाट सारेर हेटौंडामा पुऱ्याएपछि भने चहल पहलयुक्त भीमफेदी एकाएक उजाड बन्दै गयो ।

यहाँका अधिकांश कार्यालय हेटौंडा सरेपछि व्यापार व्यवसायसमेत हटौंडातिरै सर्न पुग्यो । तामाङ जातिको बाहुल्य रहेको मकवानपुरको देउराली, कोगटे तथा सुपिङको बीचमा रहेको भीमफेदी बजार भने नेवार व्यापारी बाहुल्य बजार थियो । नेवार भएकै कारण विभिन्न जात्रा, महोत्सव, झाँकी, नाचलगायत विभिन्न सांस्कृतिक कार्यक्रम एवं पर्व विशेषका जात्रा र कार्यक्रमले गर्दा सांस्कृतिकरुपमा पनि समृद्ध थियो, भीमफेदी । राणाकालमा बेलायती राजारानीलगायत विदेशी पाहुना हात्तीमा बसेर सिकार खेल्नका निम्ति पनि भीमफेदी नै आउँथे ।



विगतमा पैदलयात्रुका निम्ति बास बस्न बनाइएका पार्टीपौवा र निजी भवन अहिले जीर्ण छन् ।

मकवानपुरको पुरानो सदरमुकाम भीमफेदी हात्तीसारस्थित हौदा संग्रहालयमा रहेका हौदालगायत विभिन्न ऐतिहासिक सामग्री संरक्षणको पर्खाइमा छन् । संग्रहालयमा सन् १९५२ मा बेलायती महारानी एलिजाबेथ र जंगबहादुर राणा लगायत राणा परिवारले प्रयोग गरेका हौदाहरु छन् । राजा महेन्द्रको निमन्त्रणामा नेपाल आएकी महारानी एलिजाबेथ द्वितीयाले अहिले संग्रहालयमा रहेका सिकारी हौदा कसिएका हात्ती चढेर हालको चितवन र पर्सा राष्ट्रिय निकुञ्जमा बाघ, गैंडालगायत वन्यजन्तुको सिकार गरेका थिए । संग्रहालयमा महारानी एलिजाबेथले प्रयोग गरेका ४ वटा सिकारी हौदा र जंगबहादुरले प्रयोग गरेका पिँजडा हौदा छन् ।

ऐतिहासिक चिसापानीगढी, राजा महाराजा एवं राणाले निर्माण गरेका भौतिक संरचना, वि.सं १९६४ मा निर्मित अनौठो र आकर्षक पृथ्वी-चन्द्र अस्पताल भवन, राणा प्रधानमन्त्री जुद्धशमशेरले निर्माण गराएको विशाल धर्मशाला (हाल भत्काइएको र महेन्द्र माविको आधुनिक भवन बनाइएको), पौराणिक कालीगढी नमूना झल्कने भीमसेन महाराजको मूर्ति भएको भीमसेन मन्दिर, ढुंगेधारासहितको आकर्षक पोखरी र मनोरम बगैंचाजस्ता थुप्रै ऐतिहासिक संरचनाले झकिझकाउ भीमफेदी, सदरमुकाम सरेपछि निरस र उजाडमात्र बनेन यहाँका सांस्कृतिक परम्परा भीमसेन जात्रा र अन्य केही सानातिना जात्राबाहेक लगभग सम्पूर्ण लोप हुने अवस्थामा पुगेका छन् ।

यो मार्गको आफ्नै ऐतिहासिक विशेषता रहेको इतिहासकार बताउँछन् । भीमफेदीको चिसापानीगढी कुनै समय देशकै सबैभन्दा व्यस्त नाका थियो । राणाकालीन समयमा काठमाडौं भित्र्याइने मोटरगाडी भीमफेदीसम्म गुडाएर ल्याइने र त्यहाँबाट मान्छेले बोकेर उपत्यका पुऱ्याइने गरिन्थ्यो । चिसापानीगढी तत्कालीन समयमा राहदानी जाँच गर्ने प्रमुखस्थलका रुपमा प्रयोग हुने गरेको इतिहास अध्यता रविन्द्र रिजालले बताए ।

राज्यको संस्कृति, इतिहास र राजनीतिक घटनाक्रमसँग जोडिएका यस्ता पुरातात्विक संरचनाको संरक्षण आवश्यक रहेको उनले बताए ।

भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामाले भने भीमफेदीमा रहेका केही सम्पदा पुरातत्व विभागको क्षेत्राधिकारभित्र पर्ने भएकाले आवश्यक समन्वयबिना मर्मत तथा संरक्षण गर्न नसकिने बाध्यता रहेको बताएका छन् । पालिकाको कार्यक्षेत्रभित्र पर्ने संरचनाको संरक्षण पालिकाले गर्दै आएको भएपनि कतिपय संरचनामा पुरातत्व विभागको स्वीकृति र सहभागिता अनिवार्य भएकाले काम अघि बढ्न नसकेको उनको भनाइ छ । उचित संरक्षण, मर्मत र प्रवर्द्धन गर्नसके यस क्षेत्रलाई ऐतिहासिक पर्यटनसँग जोड्न सकिने र त्यसबाट स्थानीयको आर्थिक वृद्धिमा समेत टेवा पुग्ने विश्वास अपेक्षा गरिएको छ ।

राजधानी प्रवेश गर्ने छोटो वैकल्पिक हेटौंडा भीमफेदी, कुलेखानी, सिस्नेरी, फाखेल दक्षिणकाली र फर्पिङ बाटोमा मोटर सञ्चालनमा आउन थालेपछि भीमफेदीमा चहलपहल बढ्न थालेको छ । गाउँपालिका जनप्रतिनिधिले पनि भीमफेदीलाई 'कमब्याक' गराउन प्रयत्न गरेका छन् । जिल्लाको पूर्वसदरमुकामका रुपमा रहेका भीमफेदी अहिले भीमफेदी गाउँपालिकाको केन्द्र हो ।

# भीमफेदी सुमो दुर्घटना: मृतक ६ जनामध्ये ५ को सनाखत



साझाकुरा संवाददाता

हेटौंडा, २१ पुस/ मकवानपुरको भीमफेदी गाउँपालिका-६ जुरीखेतमा आइतबार साँझ भएको दुर्घटनामा ज्यान गुमाएका ६ जनामध्ये ५ जनाको सनाखत भएको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार काठमाडौंबाट हेटौंडातर्फ आउँदै गरेको ना. १ ज १७७८ नम्बरको सुमो भीमफेदी-कुलेखानी सडक खण्डमा सडकबाट करिब १०० मिटर तल खोल्सामा खस्दा दुर्घटना भएको थियो । दुर्घटनामा सवार ९ जनाको उद्धार गरी हेटौंडा अस्पताल ल्याइएकोमा उपचारका क्रममा ६ जनाको मृत्यु भएको र अन्य ३ जना घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता पुष्कर बोगटीले जानकारी दिए ।

मृत्यु हुनेहरुमा हेटौंडा उपमहानगरपालिका-४ कमलडाँडा निवासी ४० वर्षीया सबिता लम्साल, हेटौंडा उपमहानगरपालिका-२ कान्तिराजपथ निवासी २९ वर्षीय निखिल अग्रवाल, हेटौंडा उपमहा नगरपालिका-१० भुटनदेवी टोल निवासी ५६ वर्षीय कृष्णप्रसाद फुँयाल, भारतको विहार राज्य बेगुसराई निवासी ५० वर्षीय अरबिन्द कुमार र भारतको विहार राज्य पटना निवासी ४२ वर्षीय रजनिस कुमार छन् । मृतक एक पुरुषको सनाखत हुन बाँकी रहेका प्रवक्ता बोगटीले बताए ।

दुर्घटनामा परी घाइते भएका सुमोचालक हेटौंडा उपमहानगरपालिका-४ कर्राचोक निवासी ४५ वर्षीय गणेश थापा, मृतक सविताका १२ वर्षीया छोरी अभ्यास लम्सालको चितवनस्थित पुरानो मेडिकल कलेज भरतपुरमा उपचार भइरहेको र अर्का घाइते रौतहटको चन्द्रपुर नगरपालिका-२ निवासी २१ वर्षीया रिचा चौधरीको हेटौंडा अस्पतालमा उपचार भइरहेको प्रवक्ता बोगटीले बताए । काठमाडौंबाट हेटौंडातर्फ आउँदै गरेको सुमो आइतबार साँझ सडकबाट १०० मिटर तल खोल्सामा खस्दा सुमोमा सवार ६ जनाको मृत्यु भएको हो ।

# सुर्तीजन्य पदार्थबाट नेपालमा वार्षिक ३९ हजारको मृत्यु



साझाकुरा संवाददाता

हेटौंडा, २१ पुस/हेटौंडा उपमहानगरपालिकाको जनस्वास्थ्य शाखाको आयोजनामा मदिराजन्य तथा सुर्तिजन्य पदार्थको नियमन तथा नियन्त्रणसम्बन्धी समन्वय बैठक सम्पन्न भएको छ ।

हेटौंडा-२ स्थित नागरिक भवनमा सम्पन्न बैठकमा स्वास्थ्य निर्देशनालय मकवानपुरका स्वास्थ्यअधिकृत शिवप्रसाद बडाल र स्वास्थ्य कार्यालय मकवानपुरका जनस्वास्थ्य अधिकृत लक्ष्मण घिमिरले सुर्तीजन्यपदार्थको प्रयोग, त्यसबाट हुने स्वास्थ्यजोखिम तथा नियन्त्रणका लागि बनेका ऐन कानुनका प्रावधानका साथै यसको नियन्त्रणका लागि स्थानीय तहको भूमिकाबारे प्रस्तूतीकरण राखेका थिए ।

जनस्वास्थ्य अधिकृत घिमिरेको अनुसार नेपालमा सुर्तीजन्य पदार्थका कारण वार्षिक करिब ३९ हजार जनाको मृत्यु हुने गरेको छ भने विश्वभर यो संख्या ८० लाख रहेको छ । विश्वका १२ लाख मानिस धूम्रपान नगरे पनि अरुको धुवाँका कारण ज्यान गुमाउने गरेका छन् । सुर्तीजन्यपदार्थमा ७ हजारभन्दा बढी विषाक्त रसायन पाइने जसले ६० भन्दा बढी प्रकारका क्यान्सर गराउने जोखिम गराउने घिमिरेले बताएका छन् । उनका अनुसार नेपाली महिला सुर्तीजन्य पदार्थ सेवन गर्ने देशहरुको सूचीमा दोस्रो स्थानमा रहेको छ ।

जनस्वास्थ्य अधिकृत घिमिरेले सुर्तीजन्यपदार्थको आकर्षक प्याकेजिङ, १६ हजारभन्दा बढी स्वादमा उत्पादन, भ्रामक विज्ञापन र डिजाइन मार्फत् प्रयोगकर्तालाई लतमा फसाइने उद्योगको रणनीतिबारे जानकारी दिए । उनले सुर्तीजन्य तथा निकोटिन उद्योगले उपभोक्ताको स्वास्थ्य र व्यक्तित्वमै नकारात्मक असर पार्ने गरी गतिविधि गरिरहेको उल्लेख गरे ।

स्वास्थ्य निर्देशनालयका स्वास्थ्य अधिकृत वडालले सुर्तीजन्य पदार्थको माग घटाउन जनचेतना अभिवृद्धि, करवृद्धि, कडा अनुगमन र प्रभावकारी कानुन कार्यान्वयन आवश्यक रहेकोमा जोड दिए ।

कानुनी व्यवस्थाअनुसार सार्वजनिकस्थलको १०० मिटर वरपर सुर्तीजन्यपदार्थ बिक्रीवितरण गर्न नपाइने व्यवस्था रहेको स्मरण गराउँदै त्यसको कार्यान्वयनमा स्थानीय तहको भूमिका महत्वपूर्ण हुने उनले बताए । अधिकृत वडालले मदिराजन्यपदार्थको सेवन पनि बढ्दै गएको भन्दै विश्व स्वास्थ्य संगठन र मदिरा सेवनबाट हुने क्षति न्यूनीकरण सम्बन्धी अभियान सेफर अभियानका लक्ष्यहरु कार्यान्वयन गर्नुपर्ने आवश्यकता औंल्याएका छन् ।

मदिरा तथा सुर्तीजन्य पदार्थ नियन्त्रणका लागि राजनीतिक प्रतिबद्धता, अन्तरमन्त्रालय समन्वय, सामाजिक परिचालन, नयाँ प्रयोगकर्ता रोकथाम, सेवन छोड्दा हुने फाइदाबारे जानकारी र लाइसेन्स प्रणाली लागू गर्नुपर्नेमा सहभागीले जोड दिएका छन् । मदिराजन्य तथा सुर्तिजन्यपदार्थ नियमन तथा नियन्त्रणका लागि स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत निरीक्षक रहने र जिल्लामा सहायक प्रमुख जिल्ला अधिकारी निरीक्षक रहने व्यवस्था रहेको छ ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी, उपभोक्ता हित संरक्षण मञ्चका केन्द्रीय उपाध्यक्ष बासु खतिवडा, मकवानपुर उद्योग वाणिज्य संघ, मदिरा व्यवसायी संघ, आमा समूह प्रतिनिधि, विद्यार्थी तथा विभिन्न सरोकारवालाको सहभागिता रहेको थियो ।

# तिष्य पुष्य नक्षत्रको अबसरमा स्वर्णबिन्दु प्राशन



साझाकुरा संवाददाता

हेटौंडा, २१ पुस/ बागमती प्रदेश स्वास्थ्य मन्त्रालय अन्तर्गत रहेको आयुर्बेदिक अस्पताल हेटौंडाले ५ वर्ष मुनिका बालबालिकालाई रोग प्रतिरोधी क्षमता बढाई आरोग्य बनाउन तिष्य पुष्य नक्षत्रको अबसरमा स्वर्णबिन्दु प्राशन गराएको छ । सोमबार बिहान हेटौंडा-२ मा रहेको आयुर्बेदिक अस्पतालबाट स्वर्णबिन्दु प्राशन गराइएको थियो ।

आयुर्बेद अस्पतालका सूचना अधिकारी अशोक झाका अनुसार ५ सय बालबालिकाले स्वर्णबिन्दु सेबन गरेका छन् । यो कार्यक्रममा बालबालिका र अभिभाबकको सहभागिता बढीरहेको सूचना अधिकारी झाले जानकारी दिए । तिष्य पुष्य नक्षत्रमा स्वर्णबिन्दु नियमित सेबन गराईने अस्पतालले जनाएको छ ।

ज्ञानदीप बहुउद्देश्यीय सहकारी संस्था लि.को

**साधारणसभा सम्बन्धी सूचना !**

यस ज्ञानदीप बहुउद्देश्यीय सहकारी संस्था लि. को २६ औं वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा हुने व्यवहोरा अवगत गराउँदै उक्त साधारणसभामा सम्पूर्ण शेयर सदस्य शिक्षक कर्मचारी, शेयर सदस्यज्यूहरुको उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ ।

**समय र स्थान:**
मिति: २०८२ पौष २६ गते शनिबार
समय: बिहान ११:०० बजे
स्थान: जी.एस. निकेतनको प्राङ्गणमा
सम्पर्क : ९८५५०६९१८४, ९८५५०६९२८४, ०५७-५२३४१५, ०५७-९१३९७

डा. लिलानाथ ढुंगेल
सचिव
ज्ञानदीप बहुउद्देश्यीय सहकारी संस्था लि.



## हाम्रो कुरा

# निर्वाचनको चर्चा

हुन त अहिले मात्र राजनीतिक गर्मी बढेको होइन । बिगतमा पनि यस्तै राजनीतिक गफमा हाम्रो समाज मस्त हुने गरेको थियो । आसन्न प्रतिनिधिसभा निर्वाचन आउन अब दुई महिनामात्रै बाँकी रहँदा मकवानपुरमा राजनीतिक सरगर्मी तीव्र बन्दै गएको छ । फागुन २१ गते हुने निर्वाचनलाई लक्षित गर्दै राजनीतिक दल, युवापुस्ता चुनावी तयारीमा जुटेका छन् । चोकचौतारा, चियापसलदेखि राजनीतिक दलका कार्यालयसम्म निर्वाचनकै चर्चा र बहस बाक्लिँदै गएको छ । चोकचौतारोमा बसेर गुड्डी हाँक्ने काममा हामी आफूलाई बडा बहादुर नै ठान्ने गरेका छौं । बिगतमा हामीले धेरै ठूला कुरा गरेर समय बिताएका थियौं । तर, यो पटकको चुनावी माहोल अलिक फरक देखिएको छ । हालसम्म नेपाली काँग्रेस, नेपाली कम्युनिष्ट पार्टी, नेकपा एमाले, राप्रपालगायतले प्रत्यक्षतर्फका आकाक्षी उम्मेदवारको टुङ्गो लगाएर माथिल्लो कमिटीमा सिफारिस पठाएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीले उम्मेद्वार टुंगो लगाउन बाँकी रहेको छ । उम्मेदवार टुंगो लगाउने प्रक्रियालाई टुंग्याउन, चुनावी सरगमी बढाउनका लागि विभिन्न राजनीतिक दलका केन्द्रीय तहका नेताहरु जिल्ला आउने क्रम बढेको छ । केन्द्रको निर्देशनअनुसार जिल्लास्तरमा संगठन परिचालन, रणनीतिक छलफल र चुनाव केन्द्रित गतिविधि तीव्र बनाइएको दलहरुले जनाएका छन् ।

दलहरुले केन्द्रको सर्कुलरअनुसार पार्टीका कामहरु व्यवस्थित गर्ने, संगठन सुदृढीकरण, कार्यकर्ता परिचालन र उम्मेदवार सिफारिसको काम गरिरहेको जनाएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पनि मकवानपुरमा आफूलाई नयाँ राजनीतिक शक्तिकारुपमा स्थापित गर्ने तयारीमा लागेको बताएको छ । रास्वपा मकवानपुरका सभापति भरत पराजुलीले पुराना दलहरुको सत्तायात्रा सकिएको दाबी गर्दै यसपटक जनताले नयाँ विकल्प खोजिरहेको जिकिर गरेका छन् । फागुन २१ गते हुने निर्वाचनका लागि राजनीतिक दलहरुले पुस १३ र १४ गते समानुपातिकतर्फको बन्दसूची पेश गरेका थिए । माघ ४ गते बन्दसूची सार्वजनिक गरिनेछ । सूचीमा रहेका उम्मेदवारबारे कानुनीरुपमा अयोग्य भनी दाबीविरोध परेमा छानबीन गरी माघ २० गते अन्तिम नामावली प्रकाशन गरिने आयोगले जनाएको छ । सूची त्यसपछि भने परिवर्तन हुने छैन । त्यस्तै आयोगले आउँदो प्रतिनिधिसभा सदस्य चुनावका लागि फागुन १० गतेभित्र जिल्ला जिल्लामा मतपत्र पुऱ्याउने गरी काम थालेको छ । प्रत्यक्ष र समानुपातिक दुवैतर्फ सरदर दुई करोड मतपत्र छाप्ने आयोगको तयारी छ । मकवानपुरमा प्रतिनिधिसभाअन्तर्गत दुईवटा निर्वाचन क्षेत्र रहेका छन् । समानुपातिकतर्फ बन्दसूची बुझाइ सकेका राजनीतिक दलहरु प्रत्यक्षतर्फ उम्मेदवार सिफारिस, चुनावी रणनीति निर्माण लगायतमा व्यस्त रहेका छन् । बन्दसूचीमा आयोगले तोकेअनुसारका प्रक्रिया नमिलेको भन्दै आयोगले बन्दसूची सच्याउन पत्राचार गरिरहेको छ । दलहरुले एकसाताभित्र बन्दसूची सच्याएर बुझाएपछि काम अगाडि बढ्ने बताइएको छ । निर्वाचन आयोगले समानुपातिकतर्फ राजनीतिक दलहरुले बुझाएको बन्दसूचीसम्बन्धी कागजातको रुजु सम्पन्न गरेको छ ।

आयोगका तथ्यांक शाखाका निर्देशक पूर्णबहादुर घर्तीमगरकाअनुसार पुस १६ गतेदेखि २० गतेसम्म दलहरुको बन्दसूचीमा रहेका कागजातको जाँच गरिएको हो । रुजु गर्नेक्रममा देखिएका कैफियत छुट्याएर सम्बन्धित राजनीतिक दललाई आइतबार साँझसम्म पत्रमार्फत् जानकारी गराइने उनले जानकारी दिए । १६ गतेदखि २० गतेसम्म दलहरुको दर्ता भएको समानुपातिकतर्फको बन्दसूचीमा रहेको डकुमेन्टहरू रुजु गर्दा देखिएका कैफियत सबै कोट गरेर सम्बन्धित दललाई पत्र पठाउने बताइएको छ । कागजात नपुगेका, उमेर नपुगेका लगायतका सबै त्रुटि छुट्याएर दलहरुलाई सच्याउन पठाइने छ । २१ गतेदेखि २७ गतेसम्म दलहरुले त्रुटि सच्याएर पुन: बन्दसूची पेश गर्न पाउनेछन् । अन्तिम सूची सार्वजनिक हुनुअघि सम्बन्धित उम्मेदवारले आफ्नो नाम फिर्ता लिनसक्ने छन् । डकुमेन्ट नपुगेका, उमेर नपुगेकालगायत सबै छुट्याएर त्यसको आधारमा २१ गतेदेखि २७ गतेसम्म दलहरुले ती कुरा सच्याएर ल्याउनेछन् । दलको तर्फबाट आएको बन्दसूचीलाई २७ गते फाइनल गरिने भएको छ । समानुपातिक सूचीमा रहन नचाहने उम्मेदवारले २८ गते उम्मेदवारी फिर्ता लिन पाउनेछन् । त्यसको जानकारी पनि आयोगले सम्बन्धित दललाई दिनेछ । दलबाट प्राप्त अन्तिमविवरणका आधारमा खाली स्थानमा नयाँ उम्मेदवार सिफारिस गरेपछि तयार हुने अन्तिम बन्दसूचीलाई निर्वाचन आयोगले सार्वजनिक गर्नेछ । सम्बन्धित उम्मेदवारले आफ्नो नाम फिर्ता लिन पाउनेछन् । समानुपातिकमा बस्न चाहन्न भन्नेले २८ गते उम्मेवारी फिर्ता दिन पाउनेछन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ पुस २३ गते बुधबार ७ जनवरी २०२६ । चतुर्थी, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४६ ने.सं. । सूर्योदय ६:५८ सूर्यास्त ५:२३ । अरनिको स्मृति दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : व्यवसायबाट लाभ पाइने | तुला | : कुरा काट्नेहरु सक्रिय हुने |
| वृष | : जिम्मेवारी पूरा गर्न सकिने | वृश्चिक | : नया् काम हात पर्ने |
| मिथुन | : गलत विचार बढ्ने | धनु | : कार्यान्तरण हुन सक्ने |
| कर्कट | : काममा अबरोध आउने | मकर | : शुभ समाचार सुन्न पाइने |
| सिंह | : अधुरा काम पूरा हुने | कुम्भ | : अनावश्यक खर्च बढ्ने |
| कन्या | : घरेलु समस्याले सताउने | मीन | : भोजको अवसर मिल्ने |

# समानुपातिक प्रतिनिधित्व र संवैधानिक नैतिकताको संकट



✍ दिवाकर भुजेल

संविधान कानुनी आदेशहरूको संग्रह मात्र होइन । यो राजनीतिक समुदायले आफूलाई कसरी शासित गर्न चाहन्छ भन्नेबारे गरिएको गहिरो नैतिक प्रतिबद्धता हो । संविधानले केवल अधिकार र कर्तव्यको सूची मात्र बनाउँदैनह यसले नागरिक र राज्यबीचको नैतिक सम्बन्ध परि भाषित गर्छ । लोकतन्त्र त्यसैको व्यवहारिक रूप हो–नियमहरूको शासन होइन, स्वीकृति र जनअनुमोदनसहितको शासन । त्यसैले कुनै पनि लोकतान्त्रिक संस्थाको मूल्याङ्कन गर्दा प्रश्न केवल वैधानिक हुँदैनह प्रश्न अनिवार्य रूपमा हुन्छ – के यो अभ्यास संविधानले बोकेको नैतिक दृष्टिकोणसँग मेल खान्छ ?

नेपालको संविधानले लोकतन्त्रलाई शासन सञ्चालनको प्रविधिका रूपमा होइन, जनताको सार्वभौमसत्ताको निरन्तर अभ्यासका रूपमा परिकल्पना गरेको छ । प्रस्तावनादेखि राज्यशक्तिको प्रयोगसम्बन्धी धारासम्म संविधानले बारम्बार दोहोर्याएको मान्यता यही हो । राज्यसत्ताको अन्तिम स्रोत जनता हुन् । प्रतिनिधित्व, उत्तरदायित्व र वैधता यही आधार माथि उभिएका अवधारणाहरू हुन् । प्रतिनिधि हुनु भनेको केवल कानूनी पद धारण गर्नु होइनह यो जनताबाट प्राप्त नैतिक म्यान्डेटको वहन हो ।

तर, यही संवैधानिक संरचनाभित्र विकसित भएको समानुपातिक प्रतिनिधित्वको वर्तमान अभ्यासले आज प्रतिनिधिमूलक लोकतन्त्रको नैतिक आधारमै प्रश्न उठाइरहेको छ । प्रश्न यो व्यवस्था कानूनसम्मत छ कि छैन भन्ने होइनह प्रश्न यो हो – के जनताको प्रत्यक्ष स्वीकृति र अनुमोदन बिना प्राप्त सत्ता साँचो संवैधानिक अर्थमा नै लोकतान्त्रिक हुन सक्छ ? के निर्वाचन प्रक्रिया बाहिरै रहेर सत्ता प्राप्त गर्नु लोकतान्त्रिक मूल्यसँग मेल खान्छ, वा त्यो केवल कानुनी चातुर्य मात्र हो ?

यो प्रश्न महान दार्शनिक जोन र ावल्सको भाषामा वैधानिकताको को प्रश्न हो । रावल्सका लागि राजनीतिक सत्ता त्यतिबेला मात्र वैध हुन्छ, जब त्यो स्वतन्त्र र बराबर नागरिकहरूबीच न्यायोचित सहकार्यका सर्तहरूमा आधारित हुन्छ । उनको 'जस्टिस एज फेयरनेस' ले लोकतन्त्रलाई केवल निर्णय गर्ने प्रक्रियाको रूपमा होइन, नागरिकहरूबीचको नैतिक सहकार्यको संरचनाका रूपमा बुझ्छ । राज्यको शक्ति नागरिकहरूको विवेकशील सहमतिबाट जन्मिएको हुनुपर्छ ।

समानुपातिक प्रतिनिधित्वको प्रारम्भिक औचित्य यही रावल्सको फेयरनेससँग जोडिएको पाउन सकिन्छ । नेपालको सन्दर्भमा, असमान सामाजिक संरचनाले प्रतिस्पर्धालाई असमान बनाएको अवस्थामा सुधारात्मक संयन्त्रमार्फत अवसरको न्यायोचित वितरण गर्नु यसको उद्देश्य थियो । ऐतिहासिक रूपमा वञ्चित समूहहरूलाई प्रतिनिधित्वको केन्द्रमा ल्याउनु केवल दया होइन, न्याय थियो । तर रावल्स् स्वयंले चेतावनी दिएका छन् – यदि कुनै सुधारात्मक व्यवस्था स्थायी लाभको संरचनामा रूपान्तरित हुन्छ भने, त्यो न्यायको साधन रहँदैन, विशेषाधिकारको माध्यम बन्छ । समानुपातिक प्रतिनिधित्व जब जोखिमरहित राजनीतिक करियरको संस्थागत मार्ग बन्छ, जब चुनावी प्रतिस्पर्धाबाट जोगिने सुरक्षित ढोका हुन्छ, तब त्यो स्वच्छता होइन, अनफेयर एडभान्टेज बन्छ । यस क्षणमा समानुपातिक प्रतिनिधित्वले आफ्नो नैतिक औचित्य गुमाउन थाल्छ ।

यहाँ वास्तवमा राजनीतिक यथार्थ र संवैधानिक आदर्शबीचको दरार देखिन्छ । समानुपातिक सूचीमा नाम पर्नु आज जनताको विश्वास जितेको परिणाम होइन, पार्टी संगठनभित्रको पहुँच, निष्ठा र समीकरणको नतिजा बन्न थालेको छ । यसले प्रतिनिधित्वलाई जनताबाट टाढा लैजान्छ ।

यहीँबाट संवैधानिक र राजनीतिक नैतिकता बीचको द्वन्द्व स्पष्ट हुन्छ । राजनीतिक नैतिकताले ले सत्ता प्राप्त गर्ने व्यवहारिक सम्भावनाहरूको गणना गर्छ । यसले उपलब्ध नियमहरू प्रयोग ग रेर अधिकतम लाभ कसरी लिने भन्ने प्रश्न सोध्छ । संवैधानिक नैतिकताले भने सत्ता प्रयोगको नैतिक सीमा कोर्छ । संविधानले के गर्न अनुमति दिन्छ भन्ने मात्र होइन, के गर्नुपर्छ भन्ने प्रश्न संविधानको नैतिक क्षेत्र हो ।

समानुपातिक प्रतिनिधित्वको वर्तमान अभ्यास राजनीतिक रूपमा सुविधाजनक हुन सक्छ । यो दल नेतृत्वका लागि वफादारीलाई इनाम दिने उपकरण हुन सक्छ । तर संवैधानिक रूपमा न्यायोचित छ कि छैन भन्ने प्रश्न भने खुला छ । संविधानको नैतिकता भनेको नियमको अक्षरमा सीमित हुनु होइनह त्यसको आत्मालाई जोगाउनु हो ।

अर्का दार्शनिक रोनाल्ड ड्वोर्किनले लोकतन्त्रलाई बहुमतको शासनका रूपमा होइन, समान चासो र सम्मानको अभ्यासका रूपमा बुझ्छन् । राज्यले प्रत्येक नागरिकलाई बराबर गम्भीरताका साथ लिन्छ कि लिँदैन भन्ने नै लोकतन्त्रको नैतिक परीक्षा हो । ड्वोर्किनका लागि लोकतन्त्र प्रक्रियागत मात्र हुँदैन यो सान्दर्भिक नैतिक अभ्यास हो । समानुपातिक प्रतिनिधित्वको मूल अवधारणा यही समान चासोलाई व्यवहारमा उतार्ने प्रयास थियो । तर जब समानुपातिक सांसदको सूची निर्माण प्रक्रिया अपारदर्शी हुन्छ, एउटै अनुहार बारम्बार दोहोरिन्छन्, वास्तविक संरचनागत रूपमा वञ्चित समुदायहरू अझै पनि निर्णयको केन्द्रबाट टाढा रहन्छन्, तब समान चासो औपचारिक नारा मात्र बन्छ । प्रतिनिधित्व देखिन्छ, तर आवाज सुनिँदैन ।

ड्वोर्किनको दृष्टिमा यस्तो व्यवस्था लोकतान्त्रिक सार बिनाको लोकतान्त्रिक रूप हो । यहाँ लोकतन्त्रको संरचना बाँकी रहन्छ, तर यसको नैतिक आत्मा हराउँछ । समानुपातिक सांसद संवैधानिक रूपमा वैध देखिन्छ, तर नैतिक रुपमा प्रतिनिधि होइन, प्रतिनिधिको स्थान ओगटेको पात्र मात्र बन्छ ।

यस समस्याको केन्द्रमा वैधताको स्रोत छ । अर्का महत्वपूर्ण चिन्तक जुर्गेन हबरमासका अनुसार लोकतान्त्रिक वैधता संवादात्मक तर्कसंगतताबाट उत्पन्न हुन्छ । खुला संवाद, सार्वजनिक बहस र नागरिक स्वीकृतिबाट । निर्वाचन यस अर्थमा केवल मत हाल्ने प्रक्रिया होइनह यो सार्वजनिक तर्कको उच्चतम रूप हो । नागरिकले सत्ता कसलाई दिने भन्ने निर्णय सार्वजनिक संवादमार्फत गर्छन्, जहाँ तर्क, आलोचना र सहमति निर्माण हुन्छ ।

मानुपातिक प्रतिनिधित्वले जब यो संवादलाई बाइपास गर्छ, वैधता कमजोर हुन्छ । यहाँ प्रतिनिधि जनताको तर्क र बहसबाट होइन, राजनीतिक दलको संगठनात्मक निर्णयबाट जन्मिन्छ । यस्तो सत्ता सञ्चारको हिसाबले उचित हुँदैन, केवल प्रशासनिक रुपमा जायज हुन्छ । हबरमासका शब्दमा, यो लोकतान्त्रिक जीवनमाथि संस्थागत प्रणालीको अधिग्रहण हो ।

संविधानको धारा २ ले सार्वभौमसत्ता जनतामा निहित छ भन्छ । तर जब सत्ता अभ्यास पार्टी संरचनामार्फत हुन्छ, सार्वभौमसत्ताको अभ्यास प्रत्यक्ष जनताबाट सरेर संस्थागत मध्यस्थतामा सीमित हुन्छ । फलत: संविधानको भाषा बाँकी रहन्छ, तर यसको नैतिक आत्मा कमजोर हुन्छ । यही क्षय संवैधानिक नैतकिताको क्षय हो ।

संवैधानिक नैतिकता भनेको शक्ति प्रयोगमा आत्म-संयम हो । संविधानले दिएको अधिकार कुन सीमासम्म प्रयोग गर्नुपर्छ भन्ने विवेक नै संवैधानिक नैतिकता हो । सबै सम्भव कुरा गर्नु नैतिक हुनु होइन । समानुपातिक प्रतिनिधित्वको वर्तमान अभ्यासमा यही विवेक कमजोर देखिन्छ । कानुनी छिद्र प्रयोग गरेर सत्ता सुरक्षित गर्नु राजनीतिक चातुर्य हुन सक्छ, तर संवैधानिक निष्ठा होइन ।

यस सन्दर्भमा रोबर्ट माइकल्सको 'आइरन ल अफ ओलिगार्की' केवल संगठनात्मक सिद्धान्त मात्र रहँदैनह यो संवैधानिक जोखिम बन्छ । जब राजनीतिक दलहरूभित्र निर्णय शक्ति सानो समूहमा केन्द्रित हुन्छ, समानुपातिक सूची सामाजिक न्यायको उपकरण होइन, सत्ता संर क्षणको संयन्त्र बन्छ । यस्तो अवस्थामा प्रतिनिधित्व सांकेतिक मात्र रहन्छ- उपस्थिति छ, तर प्रभाव छैन ।

यसले समानुपातिक सांसदको उत्तर दायित्व कसप्रति हो भन्ने प्रश्नलाई दार्शनिक रूपमा बहसको केन्द्रबिन्दु बनाउँछ । संवैधानिक रूपमा उसले जनतालाई प्रतिनिधित्व गर्छ । तर व्यवहारमा उसले पार्टी नेतृत्वलाई उत्तर दिन्छ । यो द्वन्द्व समाधान नगरी प्रतिनिधिमूलक लोकतन्त्र केवल प्रक्रियागत रूपमा बाँकी रहन्छ, नैतिक रूपमा होइन ।

यही कारण यो विषयमा संवैधानिक ईजलाशको भूमिका केवल व्याख्यात्मक होइन, गहिरो रूपमा सैद्धान्तिक हुन्छ । अदालतले के वैध छ भन्ने मात्र होइन, के न्यायोचित छ भन्ने पनि सोध्नुपर्छ ।

सर्वोच्च अदालतले निजामती सेवामा आरक्षण र सकारात्मक विभेदको व्यवस्थासम्बन्धी मुद्दामा 'तरमारा वर्ग' को अवधारणालाई स्वीकार गर्दै नैतिक सीमा कोरिसकेको छ । सुधारात्मक नीति कमजोरका लागि हो, शक्तिशालीका लागि होइन भन्ने सिद्धान्त स्थापित भइसकेको छ ।

यही तर्क समानुपातिक प्रतिनिधित्वमा पनि लागू हुन्छ । यदि समानुपातिक संरचनागत रूपमा सबल वर्गको सुरक्षित प्रवेशद्वार बन्छ भने, अदालतको मौनता स्वयं संवैधानिक विफलता हुन्छ ।

अन्तत: समाधान संस्थागत मात्र होइन, नैतिक हो । समानुपातिक प्रतिनिधित्व विशेषाधिकार होइन, जिम्मेवारी हुनुपर्छ । सूचीमा पर्नु सत्ता पाउनु होइन, उच्च स्तरको जवाफदेहिता स्वीकार गर्नु हुनुपर्छ । जनताबाट प्रत्यक्ष अनुमोदन नपाएको प्रतिनिधिले जनताप्रति अझ बढी नैतिक उत्तरदायित्व बोक्नुपर्छ ।

समानुपातिक प्रतिनिधित्वलाई स्थायी विशेषाधिकार होइन अस्थायी सुधारात्मक संयन्त्रका रूपमा कडाइका साथ प्रयोग गर्नुपर्छ । सूची निर्माणमा पारदर्शिता, सार्वजनिक मापदण्ड र नागरिक निगरानी अनिवार्य हुनुपर्छ । एउटै व्यक्ति वा परिवारको पुनरावृत्ति रोक्नुपर्छ । समानुपातिक सांसदलाई जनतासँग जोड्ने स्पष्ट उत्तरदायित्व संयन्त्र विकास गर्नुपर्छ । संविधानले दिएको अवसरलाई सत्ता सुविधामा बदलनु संवैधानिक मात्र होइन, नैतिक विश्वासघात हो । लोकतन्त्र उपस्थितिको गणित होइन । यो न्यायोचित स्वीकृति, सार्वजनिक संवाद र आत्म-संयमको अभ्यास हो । यदि समानुपातिक प्रतिनिधित्वले यी आधारहरू कमजोर बनाउँदै गयो भने, प्रश्न प्रणालीको होइन–संविधानप्रतिको हाम्रो नैतिक इमानदारीको हुनेछ ।

*(साभार: अनलाइनखबर)*

# राजनीतिमा लोकप्रियता र ध्रुवीकरणका दुष्परिणाम

✍ राजेन्द्र पन्थी

विश्व राजनीतिमा लोकप्रियता र ध्रुवीकरण भन्ने शब्दहरू नौला होइनन् । नेपालको सन्दर्भमा त राजनीति सधैं तरल र अस्थिर छ, त्यसैले यहाँ लोकप्रियता र ध्रुवीकरणका विषय झन् नौला हुने कुरै भएन । नेपालको राजनीति कस्तो अचम्मको छ भने कतिबेला के हुन्छ भनेर सहज अनुमान गर्ने सकिन्न ।

रातारात सरकार ढल्छ, रातारात नयाँ बन्छ । कहिले कुन दल कता मिल्छ, कहिले कुन छुट्टिन्छ, पत्तै हुँदैन । को कता बग्छ र कसले कसलाई बगाउँछ भन्नै सकिन्न । कुनै दल वा नेता कतै जोडिन र कतै छुट्टिन केही समय नै लाग्दैन । राजनीतिक तरलताले विचार, आस्था, निष्ठा, अनुशासन र उद्देश्य जस्ता कुराहरूलाई ओझेलमा पार्दा रहेछन् ।

एउटै मान्छे बेलुका सुत्ने बेलामा एउटा पार्टीको नेता हुन्छ, अनि बिहान उठ्ने बेला अर्को पार्टीको नेता बनिसकेको हुन्छ । कुनै पनि राजनीतिक दल जब नीति, विचार र उद्देश्यबाट निर्देशित हुन सक्दैन, तब नेता र कार्यकर्तामा पनि विचार, आस्था र अनुशासन रहँदैन । त्यसपछि राजनीतिमा जे गरे पनि हुन्छ भन्ने मानसिकता हाबी हुँदोरहेछ ।

जब नेतामा जिम्मेवारीबोध, उत्तर दायित्व, राजनीतिक मर्यादा, संस्कृति, अनुशासन, निष्ठा र समर्पण हुँदैन, तब जे गर्दा पनि हुने अर ाजकता जन्मन्छ । नेपालमा यस्ता अनुहार फेरि रहने नेताहरूको बिगबिगी नै छ । सरकार वा पार्टी बारम्बार भत्काउने, टुक्र्याउने र देशलाई अस्थिर बनाउने प्रमुख पात्रहरू नै 'छेपारे' प्रवृत्तिका हुन् । नेताहरूको यस्तै प्रवृत्तिका कारण समाज अत्यन्तै छिन्नभिन्न हुन पुगेको छ ।

देश, समाज र विचारभन्दा व्यक्ति र दललाई मात्र प्राथमिकता दिँदा आज पुराना दलहरू अयोग्य, असक्षम र अविश्वासी साबित भएका छन् । दलहरू लोकप्रिय बन्न केवल मिठा आश्वासन र सपना मात्र बाँड्ने, तर काम केही नगर्ने परिपाटीले गर्दा जनतामा अविश्वास बढेको हो ।

नेतृत्वले मनपरी गर्दा नेपालमा आजको तरल र जटिल अवस्था आएको हो । नेपाली राजनीतिमा विभिन्न किसिमका व्यापार र व्यवसाय घुसेपछिको परिणाम नै आजका विभिन्न घटनाहरू हुन् । राजनीतिले गलत बाटो अवलम्बन गरेपछि त्यसको नतिजा पनि गलत नै हुँदै आएको छ ।

देशमा बढ्दै गएको अराजकता, भ्रष्टाचार र बेरोजगारीका विरुद्धमा आएका जनताका आवाज र आक्रोशलाई विगत ३५ वर्षका सरकारहरूले पटक्कै सुनेनन् । राजनीति केवल चुनावदेखि चुनावसम्म र सत्तादेखि सत्तासम्म मात्र केन्द्रित रह्यो । मुख्य र जिम्मेवार भनिएका दलहरू सत्ता प्राप्तिको चलखेलमा मात्र लागिरहे। राजनीतिमा विकृति मौलाउँदै जाँदा राज्यका सम्पूर्ण अङ्गहरू भुत्ते र निष्क्रिय हुँदै गए । अन्तत: जनताको आक्रोशको पराकाष्ठा जेनजी विद्रोहका रूपमा भदौ २३ को दुर्घटनाका रूपमा देखापऱ्यो ।

भदौ २३-२४ गते त्यति ठुलो विद्रोह र विध्वंस हुँदा समेत जिम्मेवार भनिएका दलहरूले आफ्नो गल्ती र कमजोरी अझै स्वीकारेका छैनन् । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले राज्य सञ्चालन गर्न नसकी जनतालाई अभिभावकविहीन बनाएर हेलिकप्टरमा भागेको घटनालाई बिर्सेर, बाहिरी वा भित्री अदृश्य शक्तिलाई दोष लगाएर उम्कने प्रयास गरिरहेका छन् । राज्य आवेग र उत्तेजनामा आएका कारण सुशासन, न्याय र भ्रष्टाचार अन्त्यको माग गर्दै आन्दोलनमा उत्रिएका कलिला बालबालिकाहरूले गोली खाई मृत्युवरण गर्नुपरेको थियो । सरकार गैरजिम्मेवार र असंवेदनशील बन्दा भदौ २३-२४ को घटनामा देशले अत्यन्तै ठुलो मानवीय र भौतिक क्षति बेहोर्नुपऱ्यो ।

नेकपा (एमाले) र नेपाली काँग्रेसको करिब दुई-तिहाइको बलियो संयुक्त सरकार हुँदा पनि मन्त्रीहरू नै भागाभाग हुने अवस्था आयो । कांग्रेस र एमालेजस्ता पुराना पार्टीहरूमा देशमा यति ठुलो विद्रोह र विध्वंस हुँदा समेत पुरानो दम्भ र अहङ्कार यथावत् नै देखिन्छ । अझै पनि यी दलहरू सुनि र सच्चिने सङ्केत छैन ।

अहिले सरकारले फागुन २१ को निर्वाचनको तयारी गरिरहँदा काँग्रेस र एमालेहरू सकभर चुनावी प्रक्रियामा जान नपाए हुन्थ्यो भनेर डराएका छन् । यिनीहरू पुरानो संसद् पुनर्स्थापना होस् भन्ने पक्षमा देखिन्छन् । कदाचित निर्वाचन भयो भने आफ्नो राजनीतिक भविष्य सुरक्षित नहोला कि भन्ने डर र त्रासमा उनीहरू छन् ।

भदौ २३ र २४ को घटनापछि नयाँ चुनावी सरकारले फागुन २१ गते निर्वाचनको तयारी गरिरहँदा पार्टी र व्यक्तिहरूका बिचमा अप्रत्याशित रूपमा एकता भइरहेका छन् । ०७९ को निर्वाचनबाट वैकल्पिक शक्तिका रूपमा उदाएको र संसद्मा चौथो शक्ति बनेको रास्वपा अहिले पुराना दलहरूका विरुद्ध राजनीतिक ध्रुवीकरण बनाउन सक्रिय छ । रास्वपा अध्यक्ष रवि लामिछाने थुनामुक्त भएपछि नेपाली राजनीति एकाएक तातेको छ ।

लामिछानेका सवालमा विगत दुई-तीन वर्षमा अनेक घटना घटे । उनले सहकारी ठगीको आरोपमा विभिन्न मुद्दाहरू झेलिरहेका छन् र ती मुद्दाहरू अदालतमा विचाराधीन छन् । रविको संसद् र मन्त्रीका रूपमा आगमनपछि कांग्रेस र एमालेमा एक किसिमको भुईँचालो नै गयो । आफू गृहमन्त्री हुँदा भ्रष्टाचार का फाइल खोल्न थालेको र त्यसैको डरले कांग्रेस-एमालेले आत्तिएर रातारात सरकार ढालेको आरोप लामिछानेले लगाउँदै आएका छन्। एकाएक सरकार ढलेको देख्दा उनको कुरामा केही सत्यता हो कि जस्तो पनि भान हुन्छ ।

संविधान संशोधन, सुशासन र आर्थिक समृद्धिको एजेन्डा लिएर बनेको भनिएको केपी ओली नेतृत्वको सरकार करिब एक वर्षसम्म र वि लामिछाने, बालेन्द्र शाह र कुलमान घिसिङकै विरुद्ध केन्द्रित रह्यो । ओलीले सरकारमा बसेर केवल उखानटुक्का र गफमै समय बिताए। कांग्रेस 'दूधको साक्षी बिरालो' जस्तै बनेर सत्तास्वादमा रमाइरह्यो ।

दुई-तिहाइको सरकारले देशका लागि यो एउटा उल्लेखनीय काम गऱ्यो भन्ने केही सुन्न पाइएन । जनताको विरोध बढ्न थालेपछि सर कारले सामाजिक सञ्जाल नै बन्द गरिदिएर जेनजीलाई आन्दोलन र विद्रोहमा निस्कन बाध्य तुल्यायो र अन्तत: सरकार ढल्यो ।

आज निर्वाचनको मिति नजिकिँदै गर्दा देश यसरी राजनीतिक रूपमा ध्रुवीकृत हुँदैछ कि नयाँ वैकल्पिक र पुराना शक्तिहरूका बिचमा 'वारपारको लडाइँ' हुन थालेको देखिन्छ । यद्यपि निर्धारित मितिमा निर्वाचन हुनेमा अझै शङ्का छ । अब निर्वाचनमा पुरानालाई पाखा नलगाएसम्म देशले निकास पाउने अवस्था देखिँदैन ।

लोकतन्त्रमा असफलहरूलाई बदल्ने उपाय भनेकै निर्वाचन हो । तर आवेग, आक्रोश, उत्तेजना र प्रतिशोधले आवरणमा केही बेर परिवर्तन देखिए पनि दीर्घकालीन समस्या समाधान हुन सक्दैन । यस्तो बलको लडाइँले कुनै खास व्यक्तिले जित्ला वा हार्ला, तर देशले जित्न सक्दैन ।

लोकतन्त्रको मुटु भनेको स्वच्छ र स्वस्थ निर्वाचन हो । समृद्धिको एजेन्डाभन्दा पनि एक-अर्कालाई सिध्याउने खेलले अर्को दुष्परिणाम निम्त्याउन सक्छ । पुरानाले नयाँको अस्तित्व नस्विकार्ने र नयाँले पुरानालाई जसरी पनि सिध्याउने परिपाटीले देशलाई निकास दिँदैन । यहाँ देश बनाउने एजेन्डाभन्दा पार्टी र व्यक्ति बन्ने एजेन्डाले प्राथमिकता पाएका छन् । व्यक्तिलाई 'देवत्वकरण' वा 'राक्षसीकरण' गरेर लोकतन्त्र बलियो हुँदैन ।

नयाँ शक्तिहरूमा पनि आर्थिक, वैदेशिक, श्रम, स्वास्थ्य र शिक्षा नीति कस्तो बनाउने भन्ने बहसभन्दा कुनै खास व्यक्तिलाई कसरी जिताउने वा हराउने भन्ने स्वर नै प्रबल देखिन्छ । हुन त एउटा सक्षम व्यक्तिले नेतृत्व गर्दा आमूल परिवर्तन हुने सम्भावना हुन्छ, तर उद्देश्यविहीन व्यक्ति केन्द्रित राजनीतिले अधिनायकवाद जन्माउने खतरा रहन्छ । जनताको भावनासँग खेलेर विरोधीलाई गाली गर्दै लोकप्रियता कमाउँदैमा दीर्घकालीन समाधान हुँदैन भन्ने कुरा विगतका अनुभवले सिकाएका छन् ।

प्रजातन्त्रको पुनर्बहालीपछि कांग्रेस, एमाले र माओवादीले देशमा आमूल परिवर्तन गर्ने आशा जगाएका थिए, तर उनीहरू सत्ताको स्वादमा नराम्ररी डुबे । उनीहरूले अनुशासन, कर्तव्य, विचार, त्याग र जिम्मेवारी जस्ता कुराहरू बिर्सिए । आज देशमा ठुला भ्रष्टाचारीको नाम लिँदा यिनै ठुला दलका नेताहरूको नाम अग्रपङ्क्तिमा आउँछ ।

राज्यको ढुकुटीमा केही सीमित व्यक्तिहरूको रजगज चल्दा देशको सामाजिक, आर्थिक र शैक्षिक पूर्वाधारमा सुधार हुन सकेन । जनता दुब्लाउँदै जाने र नेताहरू मोटाउँदै जाने अवस्था आयो । नेताहरूले जनमतको दुरुपयोग गरे । पछिल्लो चरणमा संसद्मा विधेयकहरू नै नपढी ढ्यापढ्याप पारेर पारित गर्ने जस्ता कार्यले जनमतको अपमान गरियो ।

नेपाली जनता परिवर्तन चाहन्छन् । तीन दशकसम्म अवसर पाउँदा पनि पुराना दलहरू असफल भए । पुरानाभित्रका 'नयाँ' भनिएकाहरूले पनि त्यो जन्जिर तोड्न सकेनन् । अहिले पुरानाका विरुद्ध वैकल्पिक शक्तिहरू आएका छन्, जसको सञ्चार र सामाजिक सञ्जालमा ठुलो चहलपहल छ । तर बाहिरको हल्ला र भीडले मात्र सबैको प्रतिनिधित्व गर्न सक्दैन ।

क्रमश: पृष्ठ-३...

# वैदेशिक रोजगारीमा १५० बढी देश जान्छन् नेपाली



काठमाडौं/नेपालबाट वैदेशिक रोजगारीका लागि १ सय ५० भन्दा बढी देशमा नेपाली जाने गरेका छन् । नेपालमा राम्रो रोजगारीका अवसर नहुनु, पर्याप्त रोजगारी नहुनुजस्ता कारण पछिल्ला दशकमा धेरै नेपालीले वैदेशिक रोजगारीमा जाने गरेका छन् । नेपाल सरकारले वैदेशिक रोजगारीका १ सय १० देश खुला गरिएको छ । तर, नेपाली भने १ सय ५० भन्दा बढी देशमा गएर काम गर्दै आएका छन् ।

पछिल्लो समय युरोपका देश नयाँ श्रम गन्तव्यका रूपमा धेरै नेपालीको रोजाइमा पर्ने गरेको छ । राम्रो तलब तथा सेवा सुविधा, सामाजिक सुरक्षा तथा मानवअधिकारका दृष्टिकोणले राम्रो मानिएका युरोपका विभिन्न देश नेपालीको रोजाइमा पर्ने गरेका छन् । ती देशमा मलेसिया तथा खाडीभन्दा बढी शुल्क तिरेर पनि जान मरिहत्ते गर्ने गरेको देखिन्छ । जबकि, सरकारले युरोपेली देशमा संस्थागत श्रम स्वीकृति दिने गरेको छैन । तर, पनि श्रमिकहरू व्यक्तिगत श्रम स्वीकृति लिएर जाने गरेका छन् ।

पछिल्लो ५ वर्षमा १८ लाख ८१ हजार २ सय ३२ जना पहिलो पटक श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका छन् । त्यही अवधिमा १२ लाख ६७ हजार ४ सय ४६ जनाले पुन: श्रम स्वीकृति लिएका छन् । यसरी हेर्दा ५ वर्षमा ३१ लाख ४८ हजार ६ सय ७८ जना वैदेशिक रोजगारीमा गएको देखिन्छ । केही वर्षअघिसम्म मलेसिया तथा खाडी मुलुक नेपालीका लागि रोजगारीको केन्द्रमा हुन्थे । तर, पछिल्लो समय भने युरोपेली देशसमेत नेपालीको रोजाइमा पर्ने गरेका छन् ।

गत आर्थिक वर्ष २०८१/८२ मा युरोपका ४४ देशमध्ये २९ मा २८ हजार ५ सय ७५ नेपाली वैदेशिक रोजगारीमा गएका थिए । त्यस्तै २०८०/८१ मा २४ हजार ६७, २०७९/८० मा २१ हजार ९ सय ८४, २०७८/७९ मा २१ हजार ८ सय ९६ र २०७७/७८ मा ५ हजार १ सय ३४ जना युरोप गएका थिए । पछिल्लो ५ वर्षको तथ्यांक हेर्दा १ लाख १ हजार ६ सय ५६ नेपाली युरोपेली देशमा काम गर्न गएका छन् ।

**युरोपको बढ्दो आकर्षण, नेपालको तयारी कमजोर**

पछिल्ला वर्ष युरोपेली देशतर्फ नेपाली श्रमिकको आकर्षण तीव्र रूपमा बढिरहेको छ । तर, त्यसलाई व्यवस्थित गर्न सरकार अझै प्रभावकारी रूपमा सक्रिय हुन सकेको देखिँदैन । श्रम तथा आप्रवासन विज्ञ रामेश्वर नेपालले युरोपमा बढ्दो आकर्षणलाई राज्यले व्यवस्थित गर्नुपर्ने बताए । नेपालले बेलायत, जर्मनी लगायत केही युरोपेली देशसँग श्रम सम्झौता गरेको छ । सोही अनुसार बेलायतमा गत वर्ष ४५ नर्स रोजगारीका लागि गएका थिए ।

ती प्रयास सकारात्मक भए पनि व्यावहारिक रूपमा ती सम्झौताबाट नेपाली श्रमिकले लाभ लिन नसकेको नेपालको भनाइ छ । 'नर्सिङ क्षेत्रमा सीमित बेलायती सम्झौता प्रभावकारी हुन सकेन, जर्मनी तथा केही पूर्वी युरोपेली देशसँग पनि सम्झौता भएका छन् तर त्यसको प्रभाव देखिँदैन,' नेपालले भने ।

सन् २०२३ देखि नै युरोप जाने नेपालीको संख्या लगातार बढिरहेको छ । खाडी (गल्फ) र मलेसियामा मात्र केन्द्रित भइरहेको वैदेशिक रोजगारी पछिल्लो समय भने युरोपतर्फ आकर्षित हुँदै गएको हो । युरोपमा रोजगारी सुरक्षित, पारिश्रमिक राम्रो र श्रमिक अधिकार पनि तुलनात्मक मजबुत रहेको उनको भनाइ छ । तर, यस्तो बढ्दो आकर्षण अव्यवस्थित ढंगबाट विकसित भइरहेको उनको भनाइ छ । केही वर्षयता पर्यटन भिसा, व्यक्तिगत सम्पर्क र अनौपचारिक माध्यमबाट युरोप जाने नेपालीको संख्या तीव्र वृद्धि भएको तथ्यांकले देखाएको उनले उल्लेख गरे ।

'अव्यवस्थित ढंगले जाने संख्या बढ्नु जोखिमपूर्ण हुन्छ, यसलाई अब पनि व्यवस्थापन नगर्ने हो भने समस्याको चाङ बन्छ,' नेपालले भने । उनका अनुसार युरोपेली श्रम बजार प्रवर्द्धन निजी क्षेत्रले नै गर्नुपर्ने हुन्छ, तर त्यसका लागि राज्यले कडा नियमनको व्यवस्था गर्नुपर्ने नेपालको भनाइ छ । 'निजी क्षेत्रलाई काम गर्न दिनुपर्छ, तर उनीहरूको अनियन्त्रित गतिविधिले श्रमिक ठगिने अवस्था बनिरहन्छ,' नेपालले भने ।

युरोप जाने नाममा म्यानपावर कम्पनीले १० देखि १५ लाख रुपैयाँसम्म लिने प्रवृत्ति नियमन कमजोर भएकै कारण भएको उनको तर्क छ । विदेशमा श्रमिकले भोग्ने समस्या समाधान गर्न सरकारी स्तर बाट 'लेबर डिप्लोमेसी' (श्रम कूटनीति) अत्यन्तै कमजोर देखिन्छ । श्रम सम्झौता भए पनि कार्यान्वयनमा कमजोरी रहेको उनको भनाइ छ । 'यूएई, कतार, मलेसिया लगायत देशसँग श्रम सम्झौता छ, तर कागजमै सीमित छ,' नेपालले भने, 'श्रमिकको तलब रोकिने, क्षतिपूर्ति नपाउने, अधिकार उल्लंघन हुने घटना दोहोरिरहँदा नेपाल सरकार समयमै उठ्ने, दबाब दिने र समाधान खोज्ने काममा कमजोर छ ।'

उनका अनुसार ठूला बहुराष्ट्रिय कम्पनीहरूले अन्तर्राष्ट्रिय स्तरमा श्रम मापदण्डका प्रतिबद्धता व्यक्त गरे पनि व्यवहारमा नेपाली श्रमिकमाथि अन्याय भइरहँदा नेपालले आवश्यक कदम नचालेको देखिन्छ । नेपालले श्रम कूटनीतिक संयन्त्र बलियो बनाउँदै दूतावास र सम्बन्धित निकायलाई सक्रिय बनाउनुपर्ने सुझाव उनको छ । श्रम सम्झौतामा उल्लेखित प्रतिबद्धता कार्यान्वयन गराउने, समस्यामा परेका श्रमिकका लागि 'र्‍यापिड रेस्पोन्स मेकानिज्म' सक्रिय गर्ने, निजी क्षेत्रलाई नै बजार विस्तारको जिम्मा दिए पनि कडा नियमन गर्नुपर्ने उनको सुझाव छ ।

**कस्तो छ सरकारी प्रयास ?**

युरोपको बढ्दो वैदेशिक रोजगारी व्यवस्थित गर्न सरकारले पहल गरिरहेको छ । तर, त्यसले सार्थकता पाउन सकेको छैन । हाल युरोपमा संस्थागत (म्यानपावर) मार्फत कामदार पठाउन पाइँदैन । व्यक्तिगत श्रम स्वीकृति मार्फत जाने श्रमिकबाट मनलाग्दी शुल्क उठाउने गरिएको छ ।

यसलाई व्यवस्थित गर्न सरकारले म्यानपावर मार्फत वैदेशिक रोजगारीमा पठाउन पहल गर्दै आएको छ । तर, हालसम्म म्यानपावरबाट आएका मागपत्र प्रमाणीकरण हुन सकेको छैन । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मागपत्र प्रमाणीकरणका लागि कार्यविधि नै जारी गरेको थियो । तर, हालसम्म कार्यविधि कार्यान्वयनमा जान सकेको छैन । परराष्ट्र मन्त्रालयसँगको अन्तरद्वन्द्वका कारण मागपत्र प्रमाणीकरण कार्यविधि कार्यान्वयनमा समस्या देखिएको छ । श्रम मन्त्रालयका एक अधिकारीका अनुसार युरोपबाट आएका माग प्रमाणीकरणका लागि काम भइरहेको छ ।

तत्कालीन श्रममन्त्री शरतसिंह भण्डारीले १५ दिनभित्र सम्बन्धित नियोगबाट मागपत्र प्रमाणीकरण हुन नसके वैदेशिक रोजगार विभागले मागपत्र प्रमाणीकरण गर्ने गरी कार्यविधि लागु गरेका थिए । तर, जेनजी आन्दोलन पछि सरकार परिवर्तन भएसँगै यो विषयमा केही प्रगति हुन नसकेको ती अधिकारीको भनाइ छ ।

*(स्रोत: अनलाइनखबर)*

# कैलाशमा सव डिभिजनस्तरीय योजना तर्जुमा गोष्ठी




साझाकुरा संवाददाता

हेटौँडा, २१ पुस/डिभिजन वन कार्यालय राप्ती, मनहरीको आयोजनामा राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन कार्यक्रमअन्तरगत सव डिभिजनस्तरीय योजना तर्जुमा गोष्ठी भएको छ ।

कैलाश गाउँपालिकाको सभाहलमा आयोजित कार्यक्रममा डिभिजन वन कार्यालय राप्तीका प्रमुख हेमबहादुर थापाको अध्यक्षता तथा गाउँपालिका उपाध्यक्ष बालकुमार मल्ल ठकुरीको प्रमुख आतिथ्यता रहेको थियो । उपाध्यक्ष मल्लले कैलाशको भुगोल, वातावरण र यहाँको वस्तुस्थिति हेरेर योजना निर्माण गर्नुपर्ने बताए । 'हिजोको अवस्था भन्दा अहिलेको अवस्था अलि फरक छ, उपभोक्ता समितिलाई परिचालन गरी वनक्षेत्रको काम गर्नुपर्छ' उनले भने । प्रत्यक्ष वन समूहका समितिलाई जोडेर योजना तर्जुमा गरिए अझ सहजता रहनेमा उनले जोड दिए ।

पालिकाले वन ऐन निर्माण गरिसकेको र आवश्यकताअनुरुप वनक्षेत्र, कृषि, उद्यमका कार्यक्रम योजनामा समेट्दै काम गरिने उनले प्रतिवद्धता जनाए । गाउँपालिकाले डिभिजन वनसँगको सहकार्य र समन्वयमा योजना बनाई कार्यान्वयन गरिने उनले बताए । वन कार्यालय प्रमुख थापाले आफ्नो कार्यक्षेत्रमा ८ वटा सव डिभिजन कार्यालय रहेको बताए । 'आफ्नो क्षेत्रभित्र सामूदायिक, धार्मिक, कवुलियत र निजिव वनहरु छन्, उहाँहरुसँग यसैगरी गोष्ठी सञ्चालन गरी योजना संकलन गरी आगामी दिनमा योजना बनाउने गरेका छौं' उनले भने ।

वनमा चोरीशिकारी र वन्यजन्तु शिकारी पनि बढ्दो अवस्था रहेको बताउँदै पालिकासँगको सहकार्यमा डिभिजन वन कार्यालय तत्पर रहेको बताए । दाउराको प्रयोग कमीले वनक्षेत्र अब काठको लागि उद्योगसँग मात्रै जोडिएको बताए । कार्यक्रममा सव डिभिजन वन कार्यालय कैलाशका वनअधिकृत वीरबहादुर योन्जनले योजना तर्जुमाको उद्देश्य, डिभिजनबाट सञ्चालित मुख्य कार्यक्रम र आगामी आर्थिक वर्ष २०८३/८४ को लागि सम्भावित प्रस्तावित कार्यक्रम बारे जानकारी गराएका थिए ।

कार्यक्रममा गाउँपालिका निमित्त प्रमुख प्रशासकीयअधिकृत समीर जोशी, योजना शाखाप्रमुख विक्रमबहादुर थिङ लगायत विभिन्न शाखाका प्रमुख, सामूदायिक वन उपभोक्ता समूहका अध्यक्ष एंव प्रतिनिधिको सहभागिता रहेको थियो । कैलाशमा ३ कवुलियत वनसहित २४ वटा सामूदायिक वन रहेको छ । गोष्ठीमा विभिन्न समूह बनाई वनसँग जोडिएका विभिन्न योजना तय गरिएको छ ।

# 'रमिताको पिरती'को 'जुनीभर' गीतमा आना र विनयको नोकझोंक



काठमाडौं/प्रणय दिवसको छेको पारेर माघ २३ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'रमिताको पिरती'को नयाँ गीत 'जुनीभर' सार्वजनिक गरिएको छ । रोमान्टिक शैलीको यस गीतमा महेश काफ्लेको शब्द, संगीत र स्वर छ । गायनमा उनलाई अस्मिता अधिकारीले साथ दिएकी छिन् । गीतमा युवकले युवतीलाई जुनीभर आफ्नो बनाउन चाहेको भावना व्यक्त छ ।

कृतिका बरालको कोरियोग्राफी रहेको गीतको भिडियोमा फिल्मका मुख्य जोडी आना शर्मा र विनय श्रेष्ठलाई प्रस्तुत गरिएको छ । भिडियोमा उनीहरूको नोकझोंक र रोमान्टिक दृश्यहरू देख्न सकिन्छ । तराईका हराभरा फाँटदेखि नदीको बगरसम्मका सुन्दर दृश्यलाई पृष्ठभूमिमा राखेर तयार पारिएको भिडियोमा आना र विनयको केमेस्ट्री आकर्षक देखिएको छ ।

सुदिप्ताको निर्देशनमा बनेको यस फिल्ममा आना र विनय सहित समीर श्रेष्ठ, धीरज मगर, गौमाया गुरुङ, पशुपति राई, रेनु योगी, थिन्ले ल्हामो लगायतका कलाकारहरूले अभिनय गरेका छन् । गायक समीरको यो डेब्यु फिल्म हो । सुदिप्ता स्वयंको लेखन रहेको फिल्ममा शिशिर विशाङ्केको डीओपी तथा सुनिल सिवाकोटीको सम्पादन छ ।

आना शर्मा र सन्तोष लम्साल कार्यकारी निर्माता रहेको यस फिल्ममा आरपी प्रोडक्सन, गणेश पाण्डे, सुभाष कोइराला, र प्रवेश लामिछाने एसोसिएट निर्माताको रुपमा छन् ।

फिल्ममा समीर श्रेष्ठ, सुशान्त केसी, महेश काफ्ले, अस्मिता अधिकारी र कुशल पोखरेलको संगीत रहेको छ । फिल्मले एक युवतीको जीवन, संघर्ष, प्रेम र आरोह-अवरोहलाई प्रस्तुत गरेको छ ।

# स्वदेशी चिनी थन्कियो गोदाममै, भन्सार महसुल बढाउन उद्योगीको माग

काठमाडौं/चिनी उद्योगीले भारतबाट भइरहेको चिनी तस्करी तत्काल रोक्न सरकारसँग माग गरेका छन् । उद्योगीले खुला सीमाका कारण भइरहेको तस्करी र न्यून भन्सार दरका कारण स्वदेशी उद्योग धराशायी हुने अवस्थामा पुगेको बताएका हुन् ।

नेपाल चिनी उद्योग संघले स्वदेशी उत्पादन नबिकेको भन्दै चिनी आयातमा लाग्ने भन्सार महसुल तत्काल वृद्धि गर्न र खुला सीमाबाट हुने अवैध आयात रोक्न सरकारसँग माग गरेको छ । संघ अध्यक्ष तथा एभरेस्ट सुगर मिलका सञ्चालक शशिकान्त अग्रवालले नयाँ सिजन सुरु हुनै लाग्दा पनि उद्योगहरूमा २० हजार टन चिनी मौज्दात रहेको बताए ।

'हाम्रो उत्पादन लागत बढी छ, तर भारतबाट तस्करी भएर र न्यून भन्सारमा सस्तो चिनी आउँदा हामीले प्रतिस्पर्धा गर्न सकेनौं,' उनले भने, 'गोदामको चिनी नबिकेसम्म किसानको भुक्तानी गर्न र नयाँ उखु क्रसिङ गर्न समस्या हुन्छ ।'

उत्पादित ७५ प्रतिशत मात्रै चिनी बिकेको अग्रवालले बताए । 'भन्सार नाकाको तथ्यांक हेर्दा वैधानिक आयात ५-७ प्रतिशतमात्र देखिन्छ, बाँकी सबै तस्करी भएर आयो,' उनले भने, 'सस्तो मूल्यको तस्करीको चिनीसँग हामी प्रतिस्पर्धा गर्न सक्दैनौं ।'

चालु आर्थिक वर्ष २०८२/८३ को आर्थिक ऐनमार्फत चिनी आयातमा लाग्ने भन्सार महसुल ३० प्रतिशतबाट घटाएर १५ प्रतिशत कायम गरिएको थियो । यसरी ५० प्रतिशत भन्सार घटाइँदा र खुला सीमाका कारण अवैध रूपमा चिनी भित्रिँदा स्वदेशी उद्योगमा उत्पादित चिनी समयमै बिक्री हुन नसकेको संघको गुनासो छ ।

विगतको मौज्दात चिनीसमेत गोदाममै थन्किएको र नयाँ सिजनको उत्पादन पनि बिक्री नहुने अवस्था आएको भन्दै संघले उखु किसान, कामदार र समग्र उद्योगलाई नै गम्भीर असर पर्ने जनाएको छ ।

'भारतले उखु र चिनी उत्पादनमा भारी अनुदान दिन्छ, तर नेपालमा १३ प्रतिशत भ्याट र अन्य करले गर्दा हाम्रो उत्पादन महँगो पर्छ,' अध्यक्ष अग्रवालले भने, '१५ प्रतिशत भन्सार दरमा ल्याइने चिनीसँग हामी प्रतिस्पर्धा गर्न सक्दैनौं, त्यसैले भन्सार महसुल कम्तीमा २५ प्रतिशत पुर्‍याउनुपर्छ ।'

संघका अनुसार हाल नेपालमा १३ वटा चिनी उद्योग सञ्चालनमा छन् । यस क्षेत्रमा करिब १ लाख १५ हजार ७ सय ५५ उखु कृषक परिवार आबद्ध छन् भने प्रत्यक्ष तथा अप्रत्यक्ष गरी ३० हजार ५ सय ३५ जनाले रोजगारी पाएका छन् ।

गत क्रसिङ सिजन (२०८१/८२) मा २ करोड १५ लाख ७२ हजार १ सय ४८ क्विन्टल उखु क्रसिङ गरी १८ लाख २५ हजार ३ सय ३२ क्विन्टल चिनी उत्पादन भएको तथ्यांक संघले सार्वजनिक गरेको छ । चिनीको सरदर रिकभरी ९ प्रतिशत छ । चालु आवका लागि करिब २ लाख ४५ हजार क्विन्टल उखु क्रसिङ गरी २ लाख २७ हजार ५ सय ८० टन चिनी उत्पादन हुने प्रक्षेपण गरिएको छ ।

इस्टर्न सुगर मिलका विशाल अग्रवालले अर्बौं लगानी भएका उद्योगलाई सरकारले संरक्षण गर्नुपर्नेमा जोड दिए । 'एउटा उद्योगमा ३-४ अर्ब लगानी छ, तर अवैध आयात र न्यून बिजकीकरणले गर्दा हामी मारमा परेका छौं,' उनले भने । विगतमा किसानको भुक्तानी नदिएको आरोप खेप्दै आएका उद्योगीहरूले पछिल्लो १० वर्षयता त्यो समस्या नरहेको दाबी गरे ।

'हामीले उखु किनेको ७ देखि १५ दिनभित्र सम्पूर्ण भुक्तानी दिएका छौं,' अध्यक्ष अग्रवालले दाबी गरे, 'किसानले नपाएको पैसा भनेको सरकारले दिने अनुदानको र कम हो, जुन कहिलेकाहीँ ढिलो हुन्छ, तर उद्योगका तर्फबाट भुक्तानी बाँकी छैन ।'

यद्यपि, गोदामको चिनी नबिके आगामी सिजनमा किसानलाई भुक्तानी गर्न समस्या हुन सक्ने उनीहरूको भनाइ छ ।

त्यस्तै इन्दुशंकर चिनी उद्योगका विमल केडियाले उखुमा आत्मनिर्भर हाइब्रिड उखु खेतीलाई प्रोत्साहन गरिरहेको बताए ।

'पश्चिम नेपालमा ८० प्रतिशत हाइब्रिड खेती भइसकेको छ,' उनले भने, 'अर्को ३-४ वर्षमा नेपाल चिनीमा पूर्ण आत्मनिर्भर हुन सक्छ, तर त्यसका लागि राज्यले स्थिर नीति र लगानीको सुरक्षा उद्योगीले बैंकको सावाँ-ब्याज तिर्न नसकेको र किसानलाई समयमै उखुको भुक्तानी दिन नसक्ने अवस्था सिर्जना भएको बताएका छन् ।

संघले २०७३/७४ को अनुभव स्मरण गराउँदै त्यसबेला पनि भन्सार घटाउँदा भारत र पाकिस्तानबाट आएको चिनीले स्वदेशी बजार कब्जा गरेको र किसानले ४-५ वर्षसम्म भुक्तानी नपाएको घटना दोहोरिन सक्ने चेतावनी दिएको छ ।

मुलुकको चिनीको वार्षिक माग २ लाख ५० हजार टन हाराहारी छ । यस्तो अवस्थामा आयात खुला राख्दा र भन्सार कम गर्दा आत्मनिर्भरउन्मुख चिनी उद्योग सदाका लागि बन्द हुन सक्ने चिन्ता संघले व्यक्त गरेको छ ।

संघले आफ्ना माग सम्बोधन नभए उद्योग बन्द हुने र त्यसको प्रत्यक्ष असर उखु किसान तथा समग्र अर्थतन्त्रमा पर्ने भन्दै समयमै उचित कदम चाल्न सरकारलाई सचेत गराएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# राजनीतिमा लोकप्रियता....

देशको नेतृत्व गर्न परिपक्वता र संवेदनशीलता आवश्यक हुन्छ । भीडको आवाज, हतार, आवेग र स्टन्टले नेतृत्व बलियो हुँदैन । नेतृत्वका लागि विचार, कुशलता, अनुशासन, त्याग र लोकतन्त्रप्रतिको प्रतिबद्धता जस्ता चारित्रिक विशेषता चाहिन्छ । लोकप्रियताको पछाडि मात्र लाग्दा विश्वका कतिपय देशहरू सङ्कटमा परेका उदाहरण छन् । त्यसैले विकल्प बन्नेहरूले निकै सचेत र सतर्क हुनुपर्छ ।

जेनजी र वैकल्पिक दलहरूले कांग्रेस, एमाले वा माओवादी सिध्याउने उद्देश्यभन्दा पनि देश बनाउने एकमात्र उद्देश्य लिएर निर्वाचनमा जानुपर्छ । रास्वपाले उज्यालो नेपालसँग एकता गर्दा वा बालेन्द्र शाहलाई साथमा लिँदा भएका सम्झौताहरूलाई टेकेर अघि बढ्नुपर्छ । देश बनाउने अभियानमा लागेपछि भ्रष्टाचारी दल र पात्रहरू स्वाभाविक रूपमा किनारा लाग्छन् । वैकल्पिकहरूले पुरानै संरचना र कार्यशैली पछ्याएर हुँदैन । उनीहरूले सैद्धान्तिक रूपमा आफ्नो जग बलियो बनाउनुपर्छ । राजनीतिलाई व्यवसाय वा व्यापार ठान्ने प्रवृत्ति त्याग्नुपर्छ ।

वैकल्पिक शक्तिहरू अलि बढी हौसिएका जस्ता देखिन्छन् । सात दशक पुराना दलहरूको त यस्तो अवस्था भयो भने भर्खरै जन्मिएका दलहरूले संयम अपनाउनु जरुरी छ । उनीहरूमाथि पनि प्रश्नहरू उठ्न थालेका छन् । मुद्दा खेपिरहेका व्यक्तिले कसरी वैकल्पिक शक्ति हाँक्न सक्छन् भन्ने आशङ्का छ । बालेन्द्रले महानगरमा गरेका वाचा पूरा नगरेको र आन्दोलन उक्साएर पछि हराएको आरोप छ । कुलमान घिसिङले पदबाट राजीनामा नदिई किन राजनीतिमा होमिए भन्ने प्रश्न छ । नेताले यी प्रश्नहरूको स्पष्ट उत्तर दिएर जनताको विश्वास जित्नुपर्छ ।

अहिले कांग्रेस-एमाले एक ठाउँमा आउने र नयाँहरू पनि एक ठाउँमा आएर एक-अर्कालाई सिध्याउने खेलले शान्ति र सुव्यवस्था ल्याउँदैन । विचारविहीन चुनावी ध्रुवीकरणले राजनीतिक स्थिरता दिँदैन । राजनीतिमा विचारको ध्रुवीकरण हुनुपर्छ । कांग्रेस र एमालेले आफ्नो अस्तित्व जोगाउने हो भने गल्ती स्विकारेर सच्चिनुपर्छ । दुवैले अहङ्कार त्यागेर समय अनुकूल चल्नुपर्छ । नयाँ र पुराना दुवैले द्वन्द्वको आगोमा घिउ थप्ने होइन, संयमित भएर लोकतान्त्रिक प्रक्रियाबाटै देशलाई समृद्धिको यात्रामा लैजानुपर्छ ।

*(साभार: रातोपाटी)*

# सौगातलाई 'दाइ' भनेकोबारे सृष्टिको प्रष्टीकरण: 'टङ स्लिप भयो'

काठमाडौं/अभिनेता सौगात मल्ल र अभिनेत्री सृष्टि श्रेष्ठबीचको विगतको सम्बन्ध 'ओपन सेक्रेट' छ । उनीहरूले ६ वर्ष लामो प्रेम सम्बन्धलाई ३ वर्षअघि अन्त्य गरेका थिए । प्रेममा रहँदा चारवटा फिल्ममा एकसाथ काम गरेका उनीहरूको ब्रेकअपपछि व्यावसायिक सहकार्य नहुने अनुमान धेरैले गरेका थिए । तर, फिल्म 'भाइरल गोर्खे'मा सहकार्य गरेर उनीहरूले सबैलाई चकित तुल्याए ।

ब्रेकअपपछि लामो समय एकअर्कासँग बोलचाल समेत नगरेका सौगात र सृष्टि यतिबेला फिल्मको प्रचारमा एकसाथ हिँडिरहेका छन् । यसैक्रममा केही दिनअघि फिल्मको ट्रेलर रिलिज कार्यक्रममा सृष्टिले सौगातलाई 'दाइ' भनेपछि सामाजिक सञ्जालमा व्यापक ट्रोल बनेको छ । सोमबार पत्रकार भेटघाटमा उनले यसबारे प्रष्टीकरण दिएकी छन् ।

उनले भनिन्, 'कार्यक्रममा मलाई पत्रकारले सौगात दाइसँग काम गर्दा कस्तो अनुभव भयो भनेर सोध्नुभएको थियो । मैले त्यही 'फ्लो'मा उहाँलाई 'दाइ' भन्न पुगेछु । मैले जानेर चाहिँ भनेको थिइनँ । उहाँलाई मैले 'दाइ' भन्ने गरेको छैन । उहाँलाई सौगात नै भन्छु । 'दाइ' भन्नु 'टङ स्लिप' थियो ।' उनले आफ्नो छेवैमा बसेका सौगाततिर हेर्दै दाइ भनेकामा माफी समेत मागिन् ।

सृष्टिले आफूलाई 'दाइ' भनेकोमा सौगातलाई भने केही फरक परेको रहेनछ । उनी भन्छन्, 'उहाँले 'दाइ' भन्दा मेरो 'रियाक्सन' केही पनि थिएन । मलाई थाहा थियो, त्यो 'टङ स्लिप' थियो भन्ने । र, मलाई यो पनि थाहा थियो कि अब यो कुरालाई लिएर अरुले भन्ने ठाउँ पाए भनेर । तर, यो एक्दमै सामान्य हो । मेरो पनि कतिपटक 'टङ स्लिप' भइरहेको हुन्छ ।' पत्रकार भेटघाटमा सौगात र सृष्टिले एकअर्कासँग काम गर्दाको अनुभव पनि सुनाए । सौगातले सृष्टिसँग काम गर्न आफूलाई सहज लाग्ने बताए । सृष्टिले पनि सोही कुरा दोहोर्‍याइन् ।

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौँडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौँडा-२, कान्तिराजपथ
९८४५०२२९८१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# रोजगारमुलक शिक्षा आजको आवश्यकता: मुख्यमन्त्री बानियाँ

साझाकुरा संवाददाता

हेटौंडा, २१ पुस/ बामगती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले प्राविधिक र रोजगारमुलक शिक्षा आजको आवश्यकता भएको औंल्याएका छन् ।




शिक्षालाई प्रविधिसँग जोड्दै आयमुलक बनाउनुपर्नेमा उनको जोड थियो । मकवानपुरको मनहरी गाउँपालिका-२ मा रहेको सीता माध्यमिक विद्यालयको सोमबार स्वर्णजयन्ती उद्घाटन गर्दै मुख्यमन्त्री बानियाँले माध्यमिक विद्यालयलाई प्राविधिक शिक्षालयको रुपमा स्थापित गर्दै लैजानुपर्ने धारणा राखे । 'अबको शिक्षा भनेको प्रविधि र आयमुलक हुन जरुरी छ । बेरोजगार उत्पादन गर्ने शिक्षा अब आवश्यक छैन' मुख्यमन्त्री बानियाँले भने-'अब भौतिक पूर्वाधार मात्रै होइन । गुणस्तरीय शिक्षा पनि आवश्यक छ । पढ्दै कमाउँदै गर्नसक्ने शिक्षा प्रदान गराउन प्रदेश सरकारले पनि ध्यान दिनेछ ।' शिक्षालाई आधुनिकीकरण गर्दै एआईसँग जोड्दै सक्षम नागरिक उत्पादन गरिनुपर्ने उनको धारणा थियो ।


मुख्यमन्त्री बानियाँले मनहरी-२ नम्बर वडाको विकासका लागि आवश्यक पूर्वाधार विकासमा पनि प्रदेश सरकारले बजेट विनियोजन गर्ने प्रतिवद्धता जनाए । मनहरी गाउँपालिका २ नम्बर वडास्थित भीमानमा २२ परिवार अत्यन्त विकटक्षेत्रमा बसोबास गरिरहेको भन्दै सुरक्षित र सुविधायुक्त स्थानमा बस्ती स्थानान्तरण गर्नेतर्फ आफूहरुको ध्यानाकर्षण भएको मुख्यमन्त्री बानियाँले बताए । बस्ती स्थानान्तरणका लागि उपयुक्त स्थान र बजेटको प्रबन्धको विषयमा गाउँपालिका र प्रदेश सरकारले अध्ययन गर्ने बानियाँले प्रतिवद्धता जनाए ।

मनहरी-२ र ३ जोड्ने खोलामा बेलिब्रिजको आवश्यकता रहेको भनी स्थानीयले गुनासो गरेको भन्दै मुख्यमन्त्री बानियाँले पुल निर्माणमा प्रदेश सरकारले बजेट व्यवस्थापन गर्ने प्रतिवद्धता जनाए । गणतान्त्रिक व्यवस्था भनेको गरिबलाई गरिखाने बनाउने व्यवस्था भएको भन्दै मुख्यमन्त्री बानियाँले यो व्यवस्थालाई अझ बलियो बनाउनुपर्ने बताए । जनमुखी, आयमुखी, गरिबमुखी, विकासमुखी र गाउँमुखी काम गर्न आफू प्रतिवद्ध रहेको उनले बताए ।

विद्यालय व्यवस्थापन समिति अध्यक्ष राजकुमार थिङको अध्यक्षताम भएको स्वर्ण महोत्सव उद्घाटन कार्यक्रममा मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती, वडा नम्बर २ का अध्यक्ष राजकुमार पाखिन, ९ नम्बर वडाध्यक्ष राज कुमार श्रेष्ठ, ३ नम्बर वडाध्यक्ष अनन्तप्रकाश अर्याल, १ नम्बर वडाध्यक्ष शिवप्रसाद खनाल, मनहरी गाउँपालिका शिक्षा शाखाप्रमुख प्रदीप पराजुली, स्रोतशिक्षक विदुर थापा, स्थानीय समाजसेवी राम घलान, एकराज पुरी, विद्यालयका संस्थापक अध्यक्ष बौद्धजीत गोङ्बा, निर्मल माविका प्रधानाध्यापक प्रबोध बिडारी, क्याम्पस सञ्चालक समिति अध्यक्ष राजकुमार भेटवाललागयतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रमकैबीच संस्थापक अध्यक्ष बौद्धजीत गोङ्बालाई सम्मान गरिएको थियो भने पहिलो चेपाङ गायक रविन चेपाङ र कलाकार इमान लामाले गायनमार्फत् मनोरञ्जन दिलाएका थिए । तीन दिनसम्म चल्ने स्वर्ण महोत्सवमा विभिन्न कार्यक्रमको आयोजना हुनेछ । मंगलबार मनहरी गाउँपालिकास्तरीय हाजरीजवाफ र बुधबार बालबालिकाको नृत्य प्रतियोगिता गरिने विद्यालयका प्रधानाध्यापक विशाल घलानले बताए ।

# चैत्र १ गतेदेखि नेपालमा दोस्रो आर्थिक गणना हुने




साझाकुरा संवाददाता

हेटौंडा, २१ पुस/ नेपालमा दोस्रोपटक आर्थिक गणना हुने भएको छ । राष्ट्रिय तथ्यांक कार्यालयले देशभर आर्थिक गणना सञ्चालन गर्ने भएको हो । 'अर्थतन्त्र मापनको लागि आर्थिक गणना' भन्ने नारा सहित चैत १ देखि असार मसान्तसम्म आर्थिक गणना गर्न लागिएको हो । तथ्यांक कार्यालयले आर्थिक गणना सम्बन्धमा सोमबार तालिका, लोगो र नारा सार्वजनिक गरेको छ ।

पहिलोपटक वैशाख २०७५ मा भएको आर्थिक गणना भएको थियो । दोस्रोपटक हुन लागेको आर्थिक गणनामा आर्थिक विवरण देखि उद्योगबाट भएको उत्पादनसम्मको विवरण समावेश गरिँदैछ । आर्थिक गणनामा प्रतिष्ठानमा गएर नेपालमा उद्योगको अवस्था, रोजगारी सिर्जनाको अवस्था हेरिनेछ ।

कार्यालयकाअनुसार आर्थिक गणनाका लागि ५ हजार गणक नियुक्त गरिँदैछ । राष्ट्रिय आर्थिक गणनाबाट उद्योग, व्यापार, व्यवसाय, सेवाक्षेत्र, सहकारी तथा निजी सार्वजनिक संस्थाको संख्या, प्रकार, लगानी, रोजगारी, उत्पादन र सेवा प्रवाहसम्बन्धी विवरण संकलन गर्ने योजना छ । विभिन्न १८ वटा क्षेत्रको आधारभूत विवरण संकलन गरिनेछ । कार्यालयकाअनुसार गणनाका लागि फागुनसम्म पूर्वतयारीका सम्पूर्ण काम सम्पन्न गरिनेछ । तथ्यांक संकलनका लागि वैशाख २ गतेदेखि असार ७ गतेसम्म तालिमप्राप्त गणक तथा सुपरीवेक्षक स्थलगतरुपमा खटिनेछन् ।

तथ्यांक कार्यालयका प्रमुख तथ्यांक अधिकारी डा. कमल प्रसाद पोखेलले आर्थिक कारोबार गर्ने क्षेत्रको अवस्था जान्नको लागि यो गणना महत्वपूर्ण हुने बताएका छन् । 'खासगरी आर्थिक क्रियाकलाप गर्ने इकाइहरुको अवस्थाको पहिचान हुनेछ र सरकारलाई भावी कार्यदिशा निर्माणका लागि पनि मद्दत पुग्नेछ । मूल्यवृद्धि रोजगारीको स्थिति, अवसर देखि जनशक्तिको आवश्यकतादेखि भविष्यमा गर्ने तमाम कामका लागि आर्थिक गणनाले सूचना दिनेछ । यसको विश्लेषणबाट राज्यले आगामी दिनमा लिने नीति निर्माण गर्नका लागि सहज हुनेछ ।

आर्थिक गणना गर्नका लागि अन्तर्राष्ट्रियस्तरमा विकास भएका सबै प्रणालीलाई एकीकृत गर्दैछौं । अर्थमन्त्रालयदेखि योजना आयोगका विज्ञहरुसम्मको त्यसमा सहयोग रहेको छ' उनले बताए । पोखेलकाअनुसार २०७५ को आर्थिक गणना भन्दा सुधारेर गरिनेछ । समयमै आर्थिक गणना सुरु गरेर सक्ने योजना रहेको उनले बताए । तथ्यांक कार्यालयका उपप्रमुख तथ्यांक अधिकारी एवं प्रवक्ता ढुण्डीराज लामिछानेले आर्थिक गणनाको उद्देश्य नेपालभर सञ्चालनमा रहेका आर्थिक क्रियाकलाप गर्ने प्रतिष्ठानको आधार भूत विवरण संकलन, प्रशोधन गर्न लागिएको बताएका छन् ।

उनकाअनुसार सरकारले तय गर्ने नीति निर्माण र योजना तर्जुमा गर्न तथा नीतिमार्फत लिएका लक्ष्यको मापनमा आर्थिक गणनाले सहयोग गर्नेछ । तथ्यांक कार्यालयका उपप्रमुख तथ्यांक अधिकारी लामिछानेले भने, 'अर्थतन्त्रमा हरेक क्षेत्रको योगदान कति छ, त्यसका वृद्धिदर के कति छन् भन्ने कुरा आर्थिक गणनाबाट देखिनेछ । राज्यका नीति कुन क्षेत्रमा बढी ध्यान दिनुपर्छ भन्ने कुरालाई यसले आधार बनाउनेछ ।' आगामी नीति निर्माणदेखि बजेट निर्माणमा समेत आर्थिक गणनाले योगदान पुग्ने उनले बताए ।

सरकारले नियमितरुपमा उत्पादन गर्ने कुलगार्हस्थ्यउत्पादन तथा राष्ट्रिय लेखाका अन्य अनुमानको शुद्दीकरणका लागि आधारभूत तथ्यांक उत्पादन गर्न राष्ट्रिय लेखाका आधारवर्ष परिवर्तन गर्न आवश्यक तथ्यांक उत्पादन गर्ने उद्देश्यले पनि यो आर्थिक गणना महत्वपूर्ण रहेको उनले बताए । आर्थिक गणनाबाट अर्थतन्त्रमा हरेक क्षेत्रको योगदान कति छ भन्ने कुरा देखिने लामिछानेको भनाइ छ । २०७५ सालमा पहिलो राष्ट्रिय आर्थिक गणना सम्पन्न गरिएको थियो ।

जसअनुसार देशैभर ९,२३,३५६ प्रतिष्ठान/व्यवसाय गणना गरिएका र ती प्रतिष्ठानमा जम्मा ३२,२८,४५७ मानिस संलग्न रहेका पाइएको थियो । प्रतिष्ठान/व्यवसायमा करिव तीस प्रतिशत महिला व्यवस्थापक रहेका विवरण सार्वजनिक भएका थिए । गणनाले औपचारिक र अनौपचारिक प्रतिष्ठानको सख्या बराबरी जस्तो रहेको देखाएको थियो ।

# लागूऔषध नियन्त्रणमा स्थानीय सरकारले लगानी गर्छ: नगरप्रमुख लामा




साझाकुरा संवाददाता

हेटौंडा, २१ पुस/हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले लागूऔषध नियन्त्रणका लागि अब स्थानीय सरकारले लगानी गरेर काम गर्ने बताएकी छिन् ।

सोमबार हेटौंडामा भएको लागूऔषध नियन्त्रणसम्बन्धी सचेतना मूलक कार्यक्रमको उद्घाटन गर्दै नगरप्रमुख लामाले लागूऔषध नियन्त्रण थुनेर मात्र सम्भव नहुने उल्लेख गरिन् । उनले सबै क्षेत्रबाट सचेतना फैलाएर मात्र यसको न्यूनीकरण गर्न सकिने बताइन् । लागूऔषधका कारण हेटौंडामा ठूलो चुनौती बढ्दै गएकोप्रति चिन्ता व्यक्त गर्दै उनले यसलाई नियन्त्रण गर्नु आजको आवश्यकता भएको धारणा राखिन् । कार्यक्रममा मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले लागूऔषधका कारण हेटौंडाको अवस्था भयावह बन्दै गएको बताए ।

लागूऔषध नियन्त्रणका लागि प्रदेश सरकार र स्थानीय सरकार दुवै सक्रिय हुनुपर्नेमा जोड दिँदै प्रजिअ अधिकारीले लागूऔषधका कारण जिल्लामा अन्य अपराधका घटनासमेत तीव्ररुपमा बढ्दै गएको बताए । हेटौंडा लागूऔषध ओसार पसारको ट्रान्जिट बिन्दु बन्दै गएकोतर्फ उनले ध्यानाकर्षण गराए । बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका प्रमुख प्रहरी नायवमहानिरीक्षक अरुण पौडेलले लागूऔषधसहित पक्राउ गर्नेकार्य निरन्तर भइरहेको जानकारी दिए । अबका दिनमा यसको न्यूनीकरणका लागि सबै पक्ष मिलेर काम गरेमात्र सफलता हासिल गर्न सकिने उनको भनाइ थियो ।

लागूऔषध नियन्त्रण कार्यमा मकवानपुर जिल्लालाई प्रदेश प्रहरी कार्यालयबाट सक्दो सहयोग रहने उनले प्रतिबद्धता व्यक्त गरे । नेपाल पत्रकार महासंघ बागमती प्रदेशका उपाध्यक्ष हरि हुमागाईंले लागूऔषध नियन्त्रणका लागि स्थानीय सरकारले टोलटोलमा संयन्त्र निर्माण गरी काम गर्नुपर्ने आवश्यकता औंल्याए । सडक निर्माणलाई मात्र विकास नठान्न आग्रह गर्दै उनले लागूऔषधका कारण समाज भयावह बन्दै गएकोले यसको नियन्त्रणमा स्थानीय सरकारले प्राथमिकताका साथ लगानी गर्नुपर्ने बताए ।

बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाको आयोजनामा तथा हेटौंडा उपमहानगरपालिकाको सहकार्यमा भएको कार्यक्रममा जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक पुष्कर बोगटीले लागूऔषधका कारण मकवानपुर जिल्लामा भइरहेका अपराधसम्बन्धी तथ्यांक प्रस्तुत गरेका थिए । त्यसैगरी हेटौंडा उपमहानगरप्रवक्ता तथा वडा नम्बर १ का अध्यक्ष सविन न्यौपाने, आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयका प्रधानाध्यापक रामसागर गुरागाईंलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा प्रदेश प्रहरी कार्यालय हेटौंडा, जिल्ला प्रहरी कार्यालय मकवानपुर, हेटौंडाका वडाअध्यक्षहरु, वडा सदस्यहरु, विद्यालयका शिक्षकहरु, यातायात व्यवसायी, पत्रकार तथा नागरिक समाजका प्रतिनिधिको सहभागिता रहेको थियो ।

# कफी बनाउने १५ दिने तालिम सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, २१ पुस/ उपचाररत व्यक्तिलाई सीप विकास मार्फत् आत्मनिर्भर बनाउने उद्देश्यले सिआन पुनर्स्थापना केन्द्र, हेटौंडा-९, मकवानपुरको आयोजनामा सञ्चालन गरिएको कफी बनाउने १५ दिने तालिम सोमबार औपचारिक रुपमा सम्पन्न भएको छ ।

समापन कार्यक्रम बागमती प्रदेशका कृषि तथा पशुपन्छी विकास मन्त्री मधुसुदन पौडेलको प्रमुख आतिथ्यतामा सिआन भवनमा सम्पन्न भएको हो । कार्यक्रमलाई सम्बोधन गर्दै कृषि तथा पशुपन्छी विकास मन्त्री पौडेलले उपचारसँगै सीप विकास जोडिनु नै दिगो पुन:स्थापनाको आधार भएको उल्लेख गरे । उनलेसीपयुक्त जनशक्ति विकास मार्फत रोजगारी र आत्मनिर्भरता सम्भव हुने बताउँदै सिआनले अघि सारेको यो मोडेल प्रदेश र देशकै लागि अनुकरणीय रहेको धारणा व्यक्त गरे ।

कार्यक्रममा बागमती प्रदेशसभा सदस्य तथा पूर्वमन्त्री एकालाल श्रेष्ठ, पूर्वडीआईजी तथा हुलास स्टिल इन्डस्ट्रिजका प्रशासन प्रमुख रवीन्द्र पण्डित, उद्योग तथा वाणिज्य कार्यालय मकवानपुरका प्रमुख रामप्रसाद भुषाल, गैसस मकवानपुरकी अध्यक्ष रमिला सापकोटा, राष्ट्रिय मानवअधिकार आयोग बागमती प्रदेशका प्रतिनिधि राज नारायण, उद्योग तथा वाणिज्य कार्यालय शाखाप्रमुख लेखमान राउत, सिआनका पूर्वअध्यक्ष बिजेन्द्रकुमार अग्रवाल, सल्लाहकार सानु लामालगायतका व्यक्तित्वको उपस्थिति थियो ।

१५ दिनसम्म सञ्चालन गरिएको तालिममा ५० जना उपचाररत तथा पुन:स्थापनाको चरणमा रहेका व्यक्ति सहभागी थिए । तालिममार्फत् सहभागीले कफी बनाउने व्यावहारिक सीप, बारिस्ता आचारसंहिता तथा ग्राहकसेवा सम्बन्धी ज्ञान हासिल गर्दै आत्मविश्वास र भविष्यप्रतिको आशा विकास गरेको सिआनले जनाएको छ । समापन कार्यक्रमकै अवसरमा सिआन पुनर्स्थापना केन्द्रले सचेतना मूलक डकुमेन्ट्री पनि सार्वजनिक गरेको छ ।

डकुमेन्ट्रीमा लागुऔषध दुर्व्यसन, मानसिक स्वास्थ्य समस्या, उपचार प्रक्रिया, पुन:स्थापना, सामाजिक पुन:एकीकरण र परिवारको भूमिकालाई यथार्थपरक ढंगले प्रस्तुत गरिएको छ । यस डकुमेन्ट्रीले समाजमा रहेका गलत धारणा तोड्दै पुन:स्थापनाप्रति सकारात्मक सोच विकास गर्ने अपेक्षा गरिएको छ ।

# मकवानपुरमा विभिन्न मुद्दाका ६ जना फरार प्रतिवादी पक्राउ




साझाकुरा संवाददाता

हेटौंडा, २१ पुस/जिल्ला प्रहरी कार्यालय मकवानपुरले अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएपछि फरार रहेका ६ जना प्रतिवादीलाई पक्राउ गरेको छ ।

जिल्ला अदालत मकवानपुर बाट विभिन्न मितिमा फैसला भई लामो समयदेखि फरार रहेका प्रतिवादीलाई खोजतलास गर्ने क्रममा आईतबार पक्राउ गरी अदालतमा बुझाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

पक्राउ पर्नेमा सवारी ज्यान मुद्दामा १ वर्ष कैद र २ हजार रुपैयाँ जरिवाना सजाय तोकिएका हेटौंडा उपमहानगरपालिका-६ का ४१ वर्षीय बिदुर सापकोटा र चोरीसम्बन्धी मुद्दामा ३ महिना कैद र ५ हजार रुपैयाँ जरिवाना सजाय भएका हेटौंडा उपमहानगरपालिका-१८ का उपेन्द्र विक रहेका छन् ।

यसैगरी चेकअनादर मुद्दामा अदालतबाट जरिवाना सजाय तोकिएपछि फरार रहेका प्रतिवादीमा हेटौंडा उपमहानगरपालिका-५ निवासी सुस्मिता बोहरा क्षेत्री, हेटौंडा उपमहानगरपालिका-१५ निवासी आशाकुमारी थापा, ईश्वर मगर र मिथुन बल रहेका छन् । सुस्मिता र मिथुनले एक हजार र आशा र ईश्वरले ३ हजार रुपैयाँ जरिवाना तिर्नुपर्ने रहेको छ । पाँचै जनालाई नियन्त्रणमा लिई अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

# मकवानपुरमा मुख्य निर्वाचन अधिकृतको नियुक्त

साझाकुरा संवाददाता

हेटौंडा, २१ पुस/फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि मकवानपुरमा मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको नियुक्त गरिएको छ ।

मुख्य निर्वाचन अधिकृतमा जिल्ला न्यायधीश गीता श्रेष्ठ र निर्वाचन अधिकृतमा जिल्ला सरकारी वकिलको कार्यालय मकवानपुरका जिल्ला न्यायधीवक्ता देवेन्द्रराज आचार्यलाई नियुक्त गरिएको हो । दुईवटा प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेको मकवानपुरको निर्वाचन क्षेत्र नम्बर १ मा श्रेष्ठ र निर्वाचन क्षेत्र २ मा आचार्यलाई खटाइएको छ । निर्वाचन आयोगका सहसचिव एवम् प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार २०८२ पुस २५ गतेदेखि लागू हुने गरी प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८ बमोजिम न्याय पषिद्को परामर्शमा ७७ जना जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृतमा नियुक्ति गरिएको छ ।

न्याय सेवा आयोगको परामर्शमा ८८ जना नेपाल न्याय सेवाका राजपत्रांकित द्वितीय श्रेणीका अधिकृतलाई निर्वाचन अधिकृतमा नियुक्ति गरेको छ । आयोगका अनुसार यसरी नियुक्त भएका मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतले २०८२ माघ २ मा आफू खटिएको निर्वाचन क्षेत्रभित्र मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरी निर्वाचन कार्यक्रम सञ्चालन गर्नेछन्छ । मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको नामावली आयोगको वेबसाइटमा पनि प्रकाशन गरिएको आयोगले जनाएको छ ।

कांग्रेसका ५ प्रदेश सभापतिले भने

# विशेष महाधिवेशनको औचित्य समाप्त भइसक्यो, निर्वाचनमा लागौं

साझाकुरा संवाददाता

हेटौंडा, २१ पुस/नेपाली कांग्रेसका ५ प्रदेश सभापतिले विशेष महाधिवेशनको औचित्य समाप्त भइसकेको बताउँदै नेता कार्यकर्तालाई निर्वाचनमा लाग्न अपिल गरेका छन् ।



कांग्रेसका कोशी सभापति उद्धव थापा, मधेश सभापति कृष्ण यादव, बागमती सभापछि इन्द्रबहादुर बानियाँ, कर्णाली सभापति ललितजंग शाही र सुदूरपश्चिम सभापति वीर बहादुर बलायरले विज्ञप्ति जारी गर्दै विशेष महाधिवेशनको औचित्य समाप्त भएको बताएका हुन् । उनीहरुले कांग्रेसजनलाई एकताबद्ध भई नियमित महाधिवेशनको तयारी र २०८२ फाल्गुण २१ गते सम्पन्न हुने आमनिर्वाचनमा पार्टीका उम्मेदवारलाई विजयी गराउने कार्यमा जुट्न अनुरोध गरेका छन् ।

'नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको मिति २०८२ मङ्सिर १५ को बैठकबाट पार्टीको नियमित महाधिवेशन २०८२ पौष १६ गतेबाट वडादेखि सुरु गरी पौष २६, २७ र २८ मा सम्पन्न गर्ने तालिका पारित भएको तर, महाधिवेशन पूर्व अनिवार्यरुपमा सम्पन्न गर्नुपर्ने क्रियाशील सदस्यता नवीकरण र नयाँ वितरणको कार्य सम्पन्न भई केन्द्रीय समितिमार्फत केन्द्रीय निर्वाचन समितिलाई जिम्मा लगाउने कार्य हुन नसकेको कारण निर्धारित कार्यतालिका अनुसार २०८२ पौष २६-२८ मा महाधिवेशन हुन नसक्ने अवस्थामा नेपाली कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको २०८२ पौष १८ को निर्णयअनुसार २०८३ वैशाख २८-३१ मा नियमित महाधिवेशन सम्पन्न हुने भएकोले त्यस अघि विशेष महाधिवेशन गर्ने औचित्य समाप्त भएको अवस्थामा देशभरका सम्पूर्ण कांग्रेसजनलाई एकताबद्ध भई नियमित महाधिवेशनको तयारी र २०८२ फाल्गुण २१ गते सम्पन्न हुने आमनिर्वाचनमा पार्टीका उम्मेदवारलाई विजयी गराउने कार्यमा जुट्न हार्दिक अनुरोध गर्दछौं,' उनीहरुले जारी गरेको विज्ञप्तिमा लेखिएको छ ।

**Account सम्बन्धी काम गर्ने २ जना कर्मचारी आवश्यकता**

हेटौंडा बजारमा निम्न अनुसारको कर्मचारी आवश्यता भएको इच्छुकले सम्पर्क राख्नुहोला।

१. उमेर : ३० वर्ष पूरा भएको ।
२. महिला : १ जना, पुरुष: १ जना
३. कम्प्युटरमा हिसाब राख्न सक्ने अनुभवीलाई प्राथमिकता ।
४. अडिटर अफिस वा अन्य कुनै ठाउँमा Account सम्बन्धी अनुभव भएकालागि प्राथमिकता
५. तलब इन्टरभ्यू अनुसार तोकिनेछ ।

**सम्पर्क नं. ९८५५०६९९०५**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना